मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ३०५ • २०८२ साल असोज २० गते सोमबार • Monday 06, October 2025 • सूर्योदय: बिहान ५:५९ बजे • सूर्यास्त: साँझ ५:४७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## ३०० बढी घर डुबानमा

**राजविराज ।**
जिता नदी र खाडो खोलाको बाढी बस्तीमा पस्दा सप्तरीको तिलाठी कोइलाडीका ३०० बढी घर डुबानमा परेका छन् । तिलाठी कोइलाडी गाउँपालिकाका पाँचवटै वडामा बाढी पसेको छ । विपद् संयोजक राजेशकुमार झाका अनुसार वडा नं २ लौनियामा खाँडो खोलाको बाँध कटान हुँदा गाउँभर बाढी फैलिएको छभने वडा नं ४ रामटोलमा एक घर भत्किएको छ । वडा नं ३ सकरपुरा बस्तीमा बाढी पस्दा ७५ घर डुबानमा परेका छन् । वडा नं ७ को सरदार टोलमा जिता नदीको बाढी पस्दा १८ घरमा ठूलो क्षति पुगेको र केही परिवारलाई सुरक्षाकर्मी र स्थानीय युवाहरूले उद्धार गरी उच्च स्थानमा सारिएको छ । वडा नं ५ बर्साइनमा सबैभन्दा बढी क्षति पुगेको छ । वडाध्यक्ष ललन राउतका अनुसार २ सय घरमा बाढी पसेको छ । उद्धार जारी छ ।

# मधेश नेताले भरिपूर्ण, जनताको जीवन सधैँ कष्टपूर्ण

**मधेशदृष्टि**
**वीरगंज ।**
सिंगो देशलाई चाहिने नेतृत्व मधेशमा छ । सत्ता चलाउने र ढाल्ने हैसियत राख्ने पार्टीहरु मधेशमै छन् । पार्टी छाडेर स्वतन्त्र जितेका सांसद र नेताहरु मधेशमै छन् । नयाँ दल खोलेर सधैँ 'मुखिया' भइरहन चाहने एक से एक नेताहरु मधेशमै छन् । भर्खरै जेन्जी आन्दोलनले अपदस्त भएको बहुमतको सरकारमा पनि मधेशी अनुहार टन्नै थिए । यसअघिको पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा पनि मधेशी अनुहार कम थिएनन् । अघिल्लो वर्ष पनि असोज १२ र १३ गते मुलुक बाढीपहिरोले यस्तो तबाह भएको थियो । यसपालि पनि असोज १८ र १९ गतेको बाढीले मुलुक तबाह मात्रै भएन, ३५ जिल्ला जोखिममा रहँदा पहाड र हिमालको बाढी बगेर आउँदा सबैभन्दा बढी समस्या मधेशमै भएको छ ।
मधेशका ८ जिल्ला नै बाढीले सकसमा परेको छ । सेना, सशस्त्र र प्रहरीले उद्धार गरेका भरमा जनता बाँचेका छन् । सप्तरीको सीमामा रहेको सप्तकोशी बाँधका सबै ढोका खोल्नु परेको छ । यस्तै सर्लाही र रौतहटको सीमामा रहेको बागमतीको पनि बाँध चुनौती बनेको छ । कैयौँ बस्ती डुबेका छन्, हेभिवेट नेताहरुको जिल्ला सप्तरीमै कैयौँका घरमा पाँच फिटसम्म पानी जमेर बस्न योग्य भएको छैन । मधेशका आठै जिल्लाका जनता ज्यान बचाउन गुहार लगाइरहँदा सरकार र राजनीतिक दलका नेताहरुको अनुहारसमेत बस्तीमा नपुगेपछि स्थानीय निकै निरास भएका छन् ।
मधेश प्रदेश सरकारमा सात वर्ष हालिमुहाली गरेको र संघीयताको जननी मधेश र यसको टे«डमार्क आफू भएको बताउने जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र



यादव मधेशको समस्यामा कहिल्यै पनि समयमा बोलेको मधेशका जनताले थाहा पाएका छैनन् । पछिल्लो समय मुलुकको उपराष्ट्रपति पाएको उनको दलले उनलाई नै बाराबाट प्रतिनिधि सभामा पठाए पनि उनी सांसद भएपछि बाराका जनता निरास छन् । उपराष्ट्रपतिको सादगीपन हेरेर बसेका छन् । उपेन्द्र यादव न चर्को घाममा जनतासँग हुन्छन् । न वर्षाले बस्ती डुब्दा उनी समवदेना दिन गृहजिल्ला सप्तरी र निर्वाचन क्षेत्र बारा नै पुग्छन् । बरु उनका पार्टीका तर्फबाट महासचिव लालबाबु राउतले आइतबार शोक विज्ञप्ति निकालेर नेता कार्यकर्तालाई राहत र उद्धारमा सक्रिय हुन आग्रह गरेको विज्ञप्ति यादवले फेसबुकमा साझा गरेका छन् ।






मधेशमा स्वराजको नारा लगाएर मधेश प्रदेश सरकार बनाउनेदेखि केन्द्र सरकारमा समेत पकड जमाउन अनि उपेन्द्र यादवको मधेशको राजनीतिमा विकल्पमा उभिएको बताउने जनमत पार्टी पनि यस्तो समस्या र संकटमा मधेशमा उपस्थित भएर जनताको सुखदुःखमा समवेदित हुन छाडेको छ । फेसबुकमा स्टन्ट गरेर जनमत पार्टी बनेकाले अहिले पनि फेसबुकमै स्टन्टमा रमाउने जनमत नेतृत्व आन्तरिक राजनीतिक समस्याले थिलोथिलो भएको छ । थुप्रै नेताहरुले पार्टी छाडेका छन् तर पार्टीले मुख्यमन्त्री बनाएको सतिश कुमार सिंहले सरकार छाडेर आउन भन्दा पनि सरकार चैँ छाडेका छैनन् । दुनियाँलाई अनुशासन सिकाउने जनमत पार्टी अहिले आफैँ कठोर अनुशासन र आचरणको समस्याले घेरिएको छ । यसका अध्यक्ष सिके राउत सप्तरीमा जनतासँग भेटघाटमा सरिक भएको तस्बिर हालेका छन् । जेनजी जनमत संघ स्थापना गरेर मधेशका जनतालाई भुलभुलैयामा पारेर सत्तामा बसिरहने जुक्ति निकालेको भन्दै सामाजिक सञ्जालमा आलोचना भइरहँदा आइतबार राति ८ बजेर ३० मिनेट जाँदा बल्ल अध्यक्ष राउतले फेसबुकमा एउटा सन्देश राखेर भनेका छन्, 'सिरहामा बाढीपीडितको उद्धारका लागि जेन्जी जनमत संघ सक्रिय छ ।' सिंगो मधेश आक्रान्त भइरहँदा र राष्ट्रिय पार्टीका अध्यक्ष हुँदा कुनै राष्ट्रिय मुद्दामा फेसबुका लेखिहाल्ने राउत यसपटक सप्तरीमै भएर पनि कार्यकर्तासँग हासिरहेका छन्, कुनै पीडित बस्तीमा पुगेको तस्बिर राख्न भ्याएका छैनन् ।
अब देशलाई फरक ढंगले लैजाने भनेर पार्टी बनाएर राष्ट्रिय राजनीतिमा उपस्थिति जनाउँदै गरेको सर्लाहीका नेता एवम् राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले बाढीपीडितका लागि कुनै सन्देशसम्म दिएका छैनन् । उनको फेसबुकमा एकहप्तादेखि कुनै अपडेट छैन । यस्तो संकटका बेला मौन रहने मधेशी नेताहरुको लाइनमा महतो पनि पर्छन् ।
यस्तै, मधेश सरकारमा मुख्यमन्त्रीको लागि लबिङ गर्न मधेश झरेका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले पनि असोज १० गते हिन्दूहरुको दशैँको चाडलाई शुभकामना दिएपछि फेसबुकमा केही लेख्न भ्याएका छैनन् । मधेशको राजनीतिमा एकबार मुख्यमन्त्री पाइहालिन्छ कि भनेर उनी लबिङ गरिरहेका छन् । केन्द्र सरकारमा पटकपटक मन्त्री पाउँदा शरतसिंह भण्डारी र महोत्तरीका नेताहरुलाई अवसर र पद दिएर पार्टी सानो बनाउँदै लगेको आरोप खेपिरहेका ठाकुरले अहिलेको बाढीपहिरोमा जनता डुबिरहँदा एक शब्द बोल्न आवश्यक ठानेका छैनन् ।
लोसपाकै वरिष्ठ नेता तथा पटकपटक मन्त्री भएका शरतसिंह भण्डारीले फेसबुकमा लेखेका छन्,

*बाँकी पृष्ठ २ मा*

## महेशपुरमा सबैभन्दा बढी वर्षा

**मधेशदृष्टि**
**रौतहट ।**
जल तथा मौसम विज्ञान विभागले शनिबार बिहान ४:३० देखि आइतबार बिहान ४:३० बजेसम्म गरेको प्रक्षेपणमा रौतहटको महेशपुरमा अधिकतम वर्षा भएको जनाएको छ । बङ्गालको खाडीबाट विकसित भएको न्यूनचापीय प्रणालीको कारणले असोज १७ गते साँझदेखि आइतबार बिहानसम्म मनसुन सक्रिय भई मधेश र बागमती प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा भारीदेखि अति भारी वर्षा तथा कोशी प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा मध्यमदेखि अति भारी वर्षा मापन भएको विभागले जनाएको छ । त्यस क्रममा रौतहटमा ३५८ मिमी वर्षा मापन भएको विभागले जनाएको हो ।
२४ घण्टाको वर्षाको विवरणअनुसार १८६ वटा केन्द्रमा वर्षा मापन गरिएको छ । जसमध्ये १०५ वटा केन्द्रमा ५० मिमीभन्दा बढी, ६८ वटा केन्द्रमा १०० मिमीभन्दा बढी, २१ वटा केन्द्रमा २०० मिमीभन्दा बढी र पाँचवटा केन्द्रमा ३०० मिमीभन्दा बढी वर्षा मापन भएको छ । ३०० मिमीभन्दा बढी वर्षा मापन भएका केन्द्रहरूमा इलाम जिल्लाको हिमाली गाउँ केन्द्र (३३२ दशमलव छ मिमी) र कन्याम टी स्टेट केन्द्र (३१४दशमलव दुई), पर्सा जिल्लाको मुडली केन्द्र (३२८दशमलव छ), रौतहट जिल्लाको महेशपुर केन्द्र (३२८ मिमी) र गौर केन्द्र (३१५ मिमी) रहेको विभागको तथ्याङ्कमा उल्लेख छ ।
विभागका प्रवक्ता विभूति पोखरेलले अविरल वर्षाका कारण शनिबार अपराह्नबाट उल्लिखित प्रदेशअन्तर्गतका बागमती, त्रिशूली, पूर्वी राप्ती, लालबकैया, कमलालगायतका नदीहरूमा जलसतहले सतर्कता तह पार गरेको र हाल घट्दो क्रममा रहेको जानकारी दिइन् ।

## जलमग्न वीरगंजलाई सामान्य बनाउने प्रयास जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
शनिबार बिहानैदेखि परेको अविरल वर्षाले सिर्सिया नदीको जलस्तर तीव्र रूपमा बढेपछि वीरगंजका विभिन्न बस्ती बाढीको चपेटामा परेका छन् । नदीमा पानीको सतह बढेपछि वीरगंज महानगरपालिकाका वडा नम्बर ९, १०, ११, २३ र २४ का बस्तीहरूमा ठूलो मात्रामा बाढी पसेर करिब ३ सय भन्दा बढी घर डुबानमा परेका छन् ।
पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) तोयनारायण सुबेदीका अनुसार आइतबार दिउँसोसम्म बाढी प्रभावित वडाहरूमा उद्धार कार्य तीव्र रूपमा भइरहेको छ । 'बाढीको पानी कम नभएसम्म उद्धार गरिएका व्यक्तिहरूलाई घर फर्काइने छैन,' उनले भने, 'उनीहरूको खानपान, स्वास्थ्य र सुरक्षाका लागि सम्पूर्ण तयारी गरिएको छ ।'
बाढीले प्रभावित वस्तीहरूमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नगरप्रहरीको संयुक्त टोलीले



हालसम्म करिब ५ सय भन्दा बढी व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिसकेको छ । उद्धार गरिएका परिवारलाई नजिकैका विद्यालय, धर्मशाला र सामुदायिक भवनमा राखिएको छ ।
वीरगंज उद्योग वाणिज्य संघको समन्वयमा महानगरपालिकाले खाद्यान्न, ड्राइफुड, बोतलबन्द पानी र औषधी वितरणको काम पनि अघि बढाएको छ । प्रमुख जिल्ला अधिकारी सुबेदीका अनुसार राहत व्यवस्थापनका लागि आवश्यक स्रोत र साधन परिचालन भइसकेको छ ।
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले डोजरमार्फत बाढीको पानी निकास गर्न प्रयास भइरहेको जानकारी दिए । उनले भने, 'आइतबार बिहानैदेखि बाढी प्रभावित वडाहरूमा पुगेर प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राखिएको छ । खानपान र आवासका लागि आवश्यक सहयोग भइरहेको छ ।' बाढी नियन्त्रण, उद्धार र राहत कार्यका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र नगरप्रहरी गरी करिब १ हजारभन्दा बढी सुरक्षाकर्मी खटिएका छन् । मेयर सिंहका अनुसार अहिलेसम्म कुनै मानवीय क्षति नभए पनि घरभित्रका सामग्रीहरूमा केही नोक्सान भएको छ । वडा नम्बर २४ स्थित वीरगंज–जीतपुर गाउँशालामा बाढीमा फसेका १ सय ३२ वटा गाईलाई नगरप्रहरी र सशस्त्र प्रहरीले संयुक्त रूपमा उद्धार गरी सुरक्षित स्थानमा राखिएको सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द भट्टले जानकारी दिए ।

**गर्भवतीको उद्धार**
वीरगंज महानगरपालिका–११ श्रीपुरस्थित डेराबाट गर्भवतीको प्रहरीले उद्धार गरेको छ । आइतबार साँझ करिब ६ बजे सखुवाप्रसौनी गाउँपालिका–३ स्थायी घर भई श्रीपुरमा दिनेश चौरसियाको घरमा डेरा गरी बस्दै आएकी ३१ वर्षीया रिचा चौधरीलाई असहज अवस्था भएपछि उद्धार गरिएको हो ।
उद्धार कार्यमा नम्बर १३ गण, हेडक्वार्टर पर्साबाट प्रहरी सहायक निरीक्षक दिपेन्द्र प्रकाश मल्लको नेतृत्वमा खटिएको ११ जनाको टोली सक्रिय थियो । टोलीले गर्भवती महिलालाई सुरक्षित रूपमा उद्धार गरी वीरगंज हेल्थ केयर अस्पतालमा पुऱ्याएको छ । ***(वीरगंजको बाढी, डुबान र उद्धारको विस्तृत समाचार पृष्ठ ८ मा)***

# महेन्द्रनगर–शान्तिपुरबाट आवागमन ठप्प



**मधेशदृष्टि**
**जनकपुर ।**
धनुषाको महेन्द्रनगरदेखि शान्तिपुरको आवागमन ठप्प भएको छ । निरन्तर पानी परेपछि आएको बाढीले सडक कटान गरेपछि औरही खोला पुल जोखिममा परेको छ । बाढीले सडकको करिब २० मिटर भाग बगाएको छ ।
दुबैतर्फबाट हुने आवत जावत ठप्प भएको छ । स्थानीय प्रहरी प्रशासनले वैकल्पिक बाटो प्रयोग गर्न सुझाव दिएको छ ।
केही दिनअगाडि समेत छेउको माटो भासिएपछि भारी सवारी साधन अवरुद्ध भएको थियो । त्यसैगरि हुलाली राजमार्गको ठाउ ठाउमा जल स्तर बढेपछि बाटोमा पानी आएको छ । जसकारणले सर्वसाधारणलाई आवतजावत गर्न समेत समेत समस्या भइरहेको छ ।

# बाढीबाट ऊर्जा र सिँचाइका संरचनामा करोडौँको क्षति

**काठमाडौँ ।**
असोज १७ र १८ गतेको अविरल वर्षासँगै देशका विभिन्न नदीनालाको बाढीबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका करोडौँका संरचनामा क्षति भएको प्रारम्भिक छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले आइतवार पत्रकार सम्मेलनमा दिनुभएको जानकारीअनुसार मुलुकका विभिन्न भागमा एक हजार ५०० मिटर तटबन्ध कटान हुँदा रु १० करोड बारबरको क्षति भएको छ । कन्काइले गौरीगञ्ज–२ झापामा हुलाकी राजमार्गको तल्लोतटीय दायाँ किनारमा करिब २०० मिटर तटबन्धन कटान गरी होक्लबारी गाउँका करिब ११४ घर डुबाएको छ । त्यहाँको ५०० हेक्टर धान खेतमा क्षति साथै झापा गाउँपालिका– २ को कुवाडीमा २०० मिटर तटबन्ध कटान हुँदा ७५ लाख रुपैयाँको क्षति भएको छ । यसैगरी, मेची नदीले ठाउँठाउँमा रहेको स्परमा करिब ५० लाख रुपैयाँ, विराटनगरस्थित केशलिया नदीमा डुबान भई ७५ घर स्थानान्तरण, कमला नदीको पूर्वी किनार सिरहा १७ पटेरुवाको तटबन्धमा करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।
रौतहटमा लालबकैया नदीको दायाँ किनारमा करिब ६० मिटर तटबन्ध बगाई करिब १०० हेक्टर धान खेत र बौदीमाई गाउँमा करिब १२० मिटर तटबन्ध बगाई २०० हेक्टर धान तथा घरगोठ डुबान हुँदा ६० लाख रुपैयाँ बराबरको क्षति भएको छ । महोत्तरीमा रातो नदीले तटबन्ध बगाउँदा आठ करोड रुपैयाँ बराबरको क्षति भएको छ ।
सिँचाइ प्रणालीको बाँध क्षेत्रमा नदीमा आएको बाढीलाई सुरक्षित तवरले नदीमा फर्काउन हेड रेगुलेटर, मूल नहर र शाखा नहरका गेट समयमा नै खोलिएकाले सिँचाइ प्रणालीमा धेरै क्षति नभएको मन्त्री घिसिङले बताए । सुनकोशीको बाढीले सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गतको निर्माणाधीन बाँधस्थल डुबेको छ ।रासस

# यात्रुको चाप बढेपछि भरतपुर विमानस्थलबाटै बस सेवा

**चितवन ।**
हवाई यात्रुको चाप बढेपछि स्थानीय प्रशासनको पहलमा भरतपुर विमानस्थलबाटै काठमाडौँका लागि बसको व्यवस्था गरिएको छ । विमानस्थलमा टिकट नपाएर अलपत्र परेका यात्रुलाई बसमार्फत् काठमाडौँ पठाइएको हो ।
शनिबार हवाई सेवा अवरुद्ध बनेपछि शनिबारका लागि टिकट लिएका यात्रु र आजका लागि पुनः विमानस्थल पुगेका यात्रुका कारण विमानस्थलमा यात्रुको चाप अत्याधिक बढेको थियो । काठमाडौँ जाने सडक मार्ग रोकिएपछि हवाई यात्रुको चाप अत्याधिक बढेको हो ।
प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विमानस्थल पुगेर अवस्था हेरेपछि उनले यातायात व्यवसायीसँग आग्रह गरेर विमानस्थलबाटै यात्रु लैजाने व्यवस्था मिलाउनु भएको हो । एउटा माइक्रोबसले यात्रु लिएर गएको छ, भने थप बसको व्यवस्था गरेर बाँकी यात्रुलाई पनि पठाइने उनले बताए । उनले भने 'यातायात व्यवसायीलाई नियमानुसारको भाडा यात्रुसँग लिएर सेवा दिन भनेका छौँ ।' अत्यावश्यक परेका यात्रु लैजानुपर्ने भएकाले स्थानीय प्रशासनले पत्र बनाएर बस पठाएको उनले बताए । बसलाई जान र फर्किनका लागि सजिलो होस् भन्नका लागि पत्रसमेत बनाइएको उनले जानकारी दिए । नारायणगढ–मुग्लिन सडक खण्ड सञ्चालनमा रहेको छ । पृथ्वी राजमामर्गको चितवन खण्ड पनि खुल्ला रहेको छ । धादिङमा खसेको पहिरो पन्छ्यएर सवारी साधन सञ्चालनको तयारी रहेको जनाउँदै उनले साना सवारी साधनलाई गन्तव्यतर्फ पठाइएको बताए । प्रशासनले शनिबार यहाँ रोकिएका यात्रुलाई ७५ प्रतिशत छुटमा होटलमा बस्ने व्यवस्था गरेको थियो ।रासस

# क्षतिग्रस्त सडकको मर्मत कार्य तीव्र गतिमा गरिने

**काठमाडौँ ।**
ऊर्जा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले वर्षाका कारण बन्द भएको काठमाडौँबाट पश्चिमतर्फका सडक तत्कालै खोल्ने गरी तयारी भइरहेको र विपद्वाट क्षतिग्रस्त विभिन्न सडकको मर्मत कार्य तीव्र गतिमा गरिने प्रतिबद्धता जनाएका छन ।
आइतवार मन्त्रालयमा गरिएको पत्रकार सम्मेलनमा घिसिङले नेपालको पूर्व क्षेत्रमा अझै पनि वर्षा हुनेक्रम जारी रहेको वर्षा कम भएपछि मात्रै सडक सुधारको कार्य थालिने बताए । जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि भने मौसममा सुधार भई वर्षा कम हुने जानकारी गराएको छ ।
शुक्रबारदेखि आजसम्मको लगातार भारी वर्षा र जलवायुजन्य घटनाका कारण देशका विभिन्न स्थानमा उत्पन्न भूस्खलन र बाढीले सडकमा अवरोध तथा यातायातमा ठूलो असर परेको मन्त्री घिसिङको भनाइ छ । 'प्रभावित क्षेत्रमा आवश्यक जनशक्ति र उपकरण परिचालन गर्दै, प्रमुख राजमार्गका अवरुद्ध खण्डमा दिनरात मर्मत कार्यलाई तीव्र गति दिइरहेको छ', उनले भने । विपद्का कारण केही भौतिक क्षति भए पनि सरकारको पूर्वतयारीका कारण ठूलो मानवीय क्षति भने हुन नपाएको मन्त्री घिसिङले जानकारी दिए । काठमाडौँदेखि पश्चिम मुग्लिन हुँदै पोखरा र नारायणगढ जाने पृथ्वी राजमार्ग, नारायणगढ–मुग्लिन राजमार्गमा यातायात सञ्चालनमा अवरुद्ध नभएको सडक विभागको भनाइ छ ।विभागका महानिर्देशक विजय जैसीले बिपी राजमार्ग (भकुण्डेबेंसी– नेपालथोक खण्ड) र मेची राजमार्गको अवरोध हटाउनेकार्यमा पनि चाँडै प्रगति हुने बताए । सडक विभागले स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी र स्थानीय निकायसँग समन्वय गरी मर्मत तथा सडक खोल्ने कार्यलाई तीव्रता दिएको उनको भनाइ छ ।रासस

# बाढीपहिरोले इलाममा ३७ को मृत्यु

**फिक्कल ।**
अविरल वर्षासँगै आएको पहिरोमा परी इलाममा ३७ जनाले ज्यान गुमाएका छन् ।
बेपत्ता भएका तीन जनाको समेत शव प्राप्त भएसँगै ज्यान गुमाउनेको संख्या ३७ पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एकनारायण कोइरालाले जानकारी दिए ।
पहिरोमा परी ज्यान गुमाउनेमा माईजोगमाई गाउँपालिका–६ का २८ वर्षीय किरण थेवे, १८ वर्षीया मनमाया थेवे, तीन वर्षीया मुनुसा थेवे, माईजोगमाई–३ का ८२ वर्षीय बर्मालल सोङमी, ७० वर्षीया बुद्धमाया सोङमी, ४६ वर्षीय धनबल सोङमी, ४२ वर्षीया सरला सोङ्गी र १४ वर्षीया प्रकृती सोङमी छन् ।
यस्तै, फाकफोकथुम गाउँपालिका–३ का २८ वर्षीय सुरेश लिम्बू, सूर्योदय नगरपालिका–१ की ६५ वर्षीया मनमाया क्षेत्री र १० वर्षीया रस्मिका क्षेत्री, इलाम नगरपालिका–६ का २३ वर्षीय समिर देउजाली, प्रवीण गुरुङ र बिराज पाख्रिन तामाङले पहिरोमा परी ज्यान गुमाएका छन् ।
यस्तै, देउमाई नगरपालिका–५ का २२ वर्षीय रोशन लिम्बू, २२ वर्षीया बेबिसा राई, ३० वर्षीय दीपक लिम्बू, २७ वर्षीया ऋषिका लिम्बू, १० वर्षीया दिपिस्का लिम्बू, देउमाई–३ का २८ वर्षीय कृष्ण मगर र माई नगरपालिका–५ की ८ वर्षीया प्रिन्सिखा मगरको ज्यान गएको छ ।
पहिरोमा परी माङसेबुङ गाउँपालिका–१ का ५७ वर्षीया कृष्णमाया लिम्बू र ५० वर्षीया माया लिम्बू, सन्दकपुर गाउँपालिका–१ का ४३ वर्षीय भीमबहादुर राई, ६६ वर्षीया हरिमाया राई, ४७ वर्षीया देवी राई, ५४ वर्षीय शेखर राई, ७४ वर्षीया शारदा सेढाईं र ४८ वर्षीया तारादेवी राईको ज्यान गएको छ ।
पहिरोमा विभिन्न कामले इलाम आएका जिल्लाबाहिरका नागरिकले समेत ज्यान गुमाएका छन् ।
यसरी ज्यान गुमाउनेमा झापाको अर्जुनधारा नगरपालिका–६ की ३२ वर्षीया अनु तामाङ र ती वर्षीय आवास दनुवार, पाँचथरको फाक्तेपका नौ वर्षीय सौजन लिम्बू र ११ वर्षीय सौगात लिम्बू र मिक्लाजुङ गाउँपालिका–६ की १७ वर्षीया नेहा राई रहेका छन् ।
यस्तै, दोलखा घर भएका ४५ वर्षीय दीप बस्नेत, ४४ वर्षीया भवानी बस्नेत र १२ वर्षीया दिव्या बस्नेतको मृत्यु भएको छ ।
यस्तै, इलाम नगरपालिका–६ का ४८ वर्षीय महेन्द्र लिम्बू पहिरोमा बेपत्ता भएका र उनको खोजीकार्य जारी रहेको प्रहरी उपरीक्षक कोइरालाले बताए ।
क्षतिको विवरण सङ्कलन गर्ने कार्य जारी रहेको पनि उनले जानकारी दिए । 'सबैतिरबाट क्षतिको विवरण आउने क्रम जारी छ,' कोइरालाले भने, 'सडक अवरुद्ध, विद्युत् र इन्टरनेटमा समस्याका कारण केही असहज छ, तथापि हामी लागिरहेका छौँ ।'

# नदीमा डुबेर वृद्धाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
बागमती नदीमा डुबेर रौतहटमा एक वृद्धा महिलाको मृत्यु भएको छ । माधवनारायण नगरपालिका–८ निवासी ७५ वर्षीया पन्मा देवी रायको बागमती नदीमा डुबेर मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय पिपरारजवडाका अनुसार आज बिहान करिब ९:३० बजे घरदेखि करिब दुई किलोमिटर उत्तर–पूर्वतर्फ पर्ने बागमती नदीमा दाउरा टिप्ने क्रममा उनी डुबेकी हुन् ।
घटनापछि स्थानीयवासी र प्रहरीको सहयोगमा मृतकको शव नदीबाट निकालिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी राजु कार्कीले बताए ।
यसैगरी बागमती नदीमै दाउरा टिप्ने क्रममा नदीले बगाएको एक वृद्धको सशस्त्र प्रहरीले उद्धार गरेको छ । गढीमाई नगरपालिका ५ मा रहेको बागमती नदी किनारमा दाउरा निकाल्ने क्रममा ६५ वर्षीय बिगन राय यादवलाई खोलाले बगाएको थियो । उनलाई तत्काल नै सशस्त्र प्रहरी बल सन्तपुरको टोलीले उद्धार गरेको छ । उनको स्थानिय अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# बाढीले बाँध भत्काउँदा चारसय बढी घर डुबानमा



**मधेशदृष्टि**
**सर्लाही ।**
अविरल वर्षासँगै आएको लखन्देही नदीको बाढीले सर्लाही जिल्लामा ठूलो क्षति पु¥याएको छ । बाढीले कौडेना गाउँपालिका–२ र ३ मा रहेको पक्की हुलाकी सडक करिब १५ मिटरसम्म बगाउँदा दक्षिण–पश्चिम क्षेत्रमा रहेको गोडैता, बलरा नगरपालिका सहित रामनगर, बसबरिया, धनकौल गाउँपालिकाको सदरमुकाम मलंगवासँगको सिधा सम्पर्क टुटेको छ । यसैगरी, लखन्देही नदीले बाँध भत्काउँदा कौडेना–७ शिवनगर गाउँ र बलरा नगरपालिका–२ मा सयौं घर डुबानमा परेका छन् ।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार स्थानीय जनप्रतिनिधि र सुरक्षाकर्मीको सहयोगमा प्रभावित परिवारलाई सुरक्षित स्थानतर्फ सारिएको छ । 'प्राथमिक उद्धारपछि बाढीग्रस्त क्षेत्रमा अहिले पनि राहत तथा उद्धार कार्य जारी छ,' प्रहरी नायब उपरीक्षक सरोज राईले भने । उनका अनुसार जिल्लाभर बाढीले अत्यधिक क्षति पुऱ्याएको छ र विस्तृत विवरण संकलन भइरहेको छ ।
प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले प्रभावित परिवारलाई अस्थायी राहत शिविरमा राख्ने तयारी भइरहेको बताए । उनका अनुसार, लगातारको वर्षाले जिल्लाभर विद्युत् आपूर्ति र सञ्चार सेवामा पनि अवरोध सिर्जना गरेको छ, जसले स्थानीयलाई थप समस्यामा पारेको छ ।

# मधेश नेताले भरिपूर्ण, जनताको जीवन...

'सम्भव भए दुई दिन घर मै बसौँ ! अविरल वर्षाको कारण काठमाडौँ उपत्यकालगायत देशैभर जनजीवन अस्तव्यस्त बनेको छ । देशका प्रमुख राजमार्गहरु जोखिमपूर्ण बनेको छ । तसर्थ, जो जहाँ भएपनि सुरक्षित, सतर्क र एकअर्कालाई सकेको सहयोगका लागि विनम्र अनुरोध गर्दछु ।' स्वयम् उनी भने जनतामाझ देखिएका छैनन् ।
मधेशमा स्वतन्त्र जितेर आमजनता पार्टी (आजपा) स्थापना गरेका प्रभु साह पनि मधेशमै छन् । उनी रौतहटको कटहरियामा स्थानीयसँग भेटघाटमा छन् । बाढीपहिरोक्रममा आइतबार चट्याङ लागेर मृत्यु भएकालाई सामाजिक सञ्जालमा श्रद्धाञ्जली दिएका छन् । आफ्नो भूगोल भन्दा बाहिर साह पनि गएका छैनन् । उनले फेसबुकमा तीनै तहको सरकारको ध्यानाकर्षण गराएका छन् र नेता कार्यकर्तालाई जनताको विपद्मा साथ दिन निर्देशन मात्र दिएका छन् । अरु बेला निकै राष्ट्रिय राजनीतिका कुरामा तर्क गर्ने साह पनि बाढीपहिरोको मामलामा कम नै बोलेको देखिन्छ ।
मधेशबाटै उपप्रधानमन्त्री भएका नेकपा एमालेका नेता रघुवीर महासेठको त फेसबुकसमेत साथी बनेकाहरुले मात्र हेर्न मिल्ने छ । प्रोफाइल बन्द गरिएको छ । मधेशमा ठूलो पार्टीका हेभिवेट नेताले फेसबुकमै पनि तगारो हालेर बसेका छन् । नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवको सञ्चार सचिवालयले केही सार्वजनिक हितका सन्देश साझा गरेको छ । स्वयम् यादवले नेता कार्यकर्तालाई केही भनेका छैनन् । उनको फेसबुक सक्रिय छ तर मधेशको बाढीपहिरोमा पार्टी पंक्तिलाई केही भन्न जरुरी ठानिएको छैन ।
नेपाली कांग्रेसकै मधेशबाट देशलाई नै हेभिवेट नेता बिमलेन्द्र निधिले पनि बाढीपहिरोबारे एक शब्द बोलेका छैनन् । उनको फेसबुक सेप्टेम्बर २२ देखि अपडेट नै छैन ।
तराई मधेश लोकतान्त्रिक पार्टीका वृशेष चन्द्र लालको पनि दशैंको शुभकामनापछि सामाजिक सञ्जाल अपडेट छैन । उनले बाढीपहिरोबारे बोलेको समाचार कतै आएको देखिएको छैन ।
पटकपटक मन्त्री भएका जनता समाजवादी पार्टीका उपमहासचिव प्रदीप यादवले शनिबार नै फेसबुकमा लामो सन्देश लेखेका छन् । उनले भनेका छन्, 'पछिल्ला दुई दिनदेखि देशका विभिन्न भागहरूमा लगातार भारी वर्षा भइरहेको छ । यसले गर्दा राजमार्गहरू अवरुद्ध भएका छन् भने आन्तरिक हवाई सेवा पनि प्रभावित भएका छन् । जल तथा मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार सबैभन्दा बढी वर्षा पर्सा जिल्लामा भएको छ । सम्भावित बाढी, पहिरो र डुबानजस्ता प्राकृतिक विपद्का कारण जनधनको क्षति हुन सक्ने खतरा उच्च देखिएको छ । यस सन्दर्भमा, म जनता समाजवादी पार्टी, (जसपा) का सम्पूर्ण नेता, कार्यकर्ता र पार्टी संरचनालाई जनताको सुरक्षालाई प्राथमिकतामा राखी पूर्ण सतर्कता र सक्रियताका साथ विपद् व्यवस्थापनमा जुट्न हार्दिक आग्रह गर्दछु । स्थानीय पार्टी कमिटीहरूलाई सम्बद्ध सरकारी निकायहरूसँग समन्वय गर्दै जोखिममा परेका नागरिकहरूको उद्धार, राहत र संरक्षणमा अग्रपङ्क्तिमा रहन अनुरोध गर्दछु ।'
यसरी नेताहरु आफ्नो राजनीति सामाजिक सञ्जालमै सीमित पारिरहेका छन्, कोही सामाजिक सञ्जालमा समेत केही बोलिरहेका छैनन् । जनताको जीवन भने आइतबार र सोमबार निकै कष्टपूर्ण थियो ।
राष्ट्रिय राजनीतिमा कडा बोल्ने अमरेश कुमार सिंहको पनि फेसबुकमा दशैंको शुभकामना मात्रै छ । नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रा राय यादव पनि मधेश संकटमा पर्दा कम बोल्ने नेतामा पर्छन् । नेकपा एमालेले पोलिटब्युरो सदस्य र पटकपटक मन्त्री बनाएको नेतृ ज्वाला साह पनि मधेशको यो संकटमा मौन देखिन्छिन् । उनको पनि कुनै सन्देश र जनतासँग सहकार्य देखिन्न ।
नेपाली कांग्रेसका पुराना नेता, हालै अपदस्त भएको सरकारका कानूनमन्त्री अजय चौरसिया पनि यो बाढीका बेला सामाजिक सञ्जालमा अपडेट देखिएका छैनन् । उनको सचिवालयलाई अरुले ट्याग गरेका सन्देशहरु मात्र देखिन्छन् ।
मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आइतबार सामाजिक सञ्जालमा दिएको सन्देश राष्ट्रिय समाचार बनेको छ । पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, अहिले मुख्यमन्त्री बन्न कसरत गरिरहेका कृष्ण यादव, जितेन्द्र सोनलको पनि सामाजिक सञ्जालमा सक्रियता र मधेशका जनताको घरदैलोमा पुगेको खबर आएको छैन । बरु भित्रभित्रै सरकार फेर्न हस्ताक्षर उद्योग भने उनीहरुले चलाइरहेका छन् । यसमा नेकपा एमालेका युवा नेता, मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवको पनि सक्रियता देखिन्छ । तर यत्रो संकटमा मधेश हुँदा जनताको घरदैलोमा पुगेर समाजसेवामा जुटेका नेताहरुको तस्बिर भने हामीले पाएका छैनौँ । बरु आफ्नो गण डुबानमा परे पनि सशस्त्र प्रहरीको कार्य प्रशंसायोग्य छ । नेपाली सेनाले गरेको उद्धार प्रशंसायोग्य छ । नेपाल प्रहरीले गरेको कार्य सह्रानीय छ । पोहोर सरकारसँग हेलिकोप्टरमा सयर गर्ने सिडिओहरु अहिले भूगोलमा खटिएका छन् । सरकार जस्तो हुन्छ, स्थानीय प्रहरी प्रशासन पनि त्यस्तै हुन्छ भन्ने उदाहरण यसपटक केन्द्रमा सरकारले बिदा दिएर, तत्काल मदत गरेर देखाएको छ भने स्थानीयस्तरमा सिडिओ, ब्यारेकबाट निस्किएको सेना, सशस्त्र र नेपाल प्रहरीको सक्रियता लोभलाग्दो छ । राजनीतिक छलछाम र दबाबरहित भएर प्रहरी प्रशासनले काम गर्न पाए होटलवालाले ठग्न सक्दैन मात्र होइन ७५ प्रतिशत छुटमा बास दिन सक्दोरहेछ । यातायात व्यवसायी पनि दलहरुसँग नडराए पनि प्रहरी प्रशासनसँग झुक्दारहेछन् भन्ने देखिएको छ । अघिल्ला सरकार भिजिबिलिटी भएको ठाउँमा हेलिकोप्टरमा पुग्थ्यो, यो सरकार सकेसम्म भूगोलमा पुगेको छ । यसको असर जिल्लामा संघीयताको एकमात्र कमाण्डर बनेका सिडिओका कमाण्डमा मात्रै छाड्दा पनि केही देखिने काम भएको छ तर ६ महिनापछि चुनावमा उठ्ने चैँ फेरि जनता घरमै डुब्दा पनि चुइँक्क नबोल्नै यिनै नेता हुन् । सिडिओ, एसपी चुनाव उठ्ने होइनन् । राजनीति अब पनि संग्लिएन भने जनताको अर्को आन्दोलनको रुप जेन्जीभन्दा कडा हुने अनुमान छ । तर राजनीतिक दलका नेताहरु फेसबुकसम्म र फेसबुकबाट जनताको घरसम्म पुग्न सक्दैनन्, यसरी नपुग्नेमा मधेशका सबै दलका नेताहरु अगाडि छन्, सल्लाह नै गरेर मिलेमतो गरेजस्तो । सिंगो प्रदेश नेताहरुले भरिपूर्ण भए पनि जनताको जीवन भने राष्ट्रसेवकको भरमा छ, नत्र सधैँ संकटमा कष्टपूर्ण नै हुने गरेको तीन तो यथार्थ यसपटक पनि देखिएको छ ।


# सैयौँ परिवार सुरक्षित स्थानमा सारियो

**विराटनगर ।**
अबिरल वर्षापछि मोरङका विभिन्न स्थानमा खोलाको पानी बस्तीमा पसेको छ । केसलिया, सिंघिया, बक्राहा, लोहान्द्रा र रतुवा खोलाको बहाव बढेसँगै जिल्लाभरका बस्तीहरू जोखिममा परेका छन् ।



शनिबार बिहानदेखि निरन्तर वर्षा भइरहेकाले बिराटनगर महानगर, उर्लाबारी, सुनबर्षी, धनपालथान र मिक्लाजुङ गाउँपालिकाका बस्तीहरूमा पानी पसेको हो । स्थानीय प्रशासनका अनुसार अहिलेसम्म कुनै जनहानी नभए पनि करिब ७५० भन्दा बढी घरका परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।
बिराटनगर–१२ केशलिया खोलाको बाँध नाघी सम्पन्न बस्तीमा पानी पसेको खबर प्राप्त भएको थियो । तत्काल प्रहरी चौकी बखरीबाट टोली खटेर स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी ३५० जना मानिसलाई बखरी आमा विद्यालय, दरैया आमा विद्यालय र नवनिर्माणाधीन फ्याक्ट्री भवनमा सुरक्षित राखिएको छ ।
बिराटनगर–२ पूर्वटोलमा सिंघिया खोलाको पानी पस्दा करिब ३५ घर प्रभावित भए । प्रहरी टोलीले स्थानीयको सहयोगमा सबैलाई सुरक्षित स्थानमा सार्ने काम गरिरहेको छ ।
त्यस्तै, बिराटनगर–५ केशलिया ढाटस्थित शंकरबारी टोलमा पनि केशलिया खोलाको पानी पस्दा २५ घर प्रभावित भएका छन् । प्रहरी टोलीले स्थानीय जनप्रतिनिधिसँग समन्वय गरेर बासस्थान सुरक्षित गरिरहेको जनाएको छ ।
सुनबर्षी नगरपालिका–६ कैनीमा बक्राहा खोलाको बाँध नाघेपछि प्रहरी टोलीले माटो थपेर बाँध मजबुत बनाउने प्रयास गरिरहेको छ । सोही खोलाको पानीले सुनबर्षी–३ बाहुनटोलमा करिब ६० घरमा पानी पस्दा जनप्रतिनिधि र प्रहरी मिलेर राहत र स्थानान्तरण कार्य अघि बढाइरहेका छन् ।यसैगरी, धनपालथान गाउँपालिका–६ मा लोहान्द्रा खोलाले बाँध नाघ्दा करिब १५० घरमा पानी पसेको छ । प्रहरी चौकी कर्सियाबाट टोली खटिएर स्थानीयहरूलाई सुरक्षित स्थानमा राख्ने प्रयास भइरहेको छ ।
उर्लाबारी नगरपालिका–९ बोर्डरलाइनमा रतुवा खोलाको बाँध फुट्दा करिब २० घर वरपर पानी पसेको छ । हालसम्म घरभित्र पानी प्रवेश नगरे पनि जोखिममा रहेका ५ घरका २० जना व्यक्तिलाई छिमेकीको घरमा सारिएको प्रहरीले जनाएको छ ।
यस्तै, मिक्लाजुङ गाउँपालिका–६ मलामीटहरा स्थित नुनसरी खोलाको बाँध कटान हुन थालेको छ । प्रहरी र स्थानीय निकायले संयुक्त रूपमा बाँध मर्मत र रोकथामका काम तीव्र पारिरहेका छन् ।
जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार सुरक्षा निकाय, स्थानीय तह र जनप्रतिनिधिहरू पूर्ण सतर्क अवस्थामा छन् र खोलाको बहाव अझ बढेमा थप स्थानान्तरणको तयारी गरिएको छ ।
बाढीग्रस्त बस्तीमा पूर्वमुख्यमन्त्री
अबिरल वर्षापछि मोरङका विभिन्न बस्तीहरूमा खोलाको पानी पसेर डुबान भइरहेका बेला कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्की प्रभावित क्षेत्रको निरीक्षणमा पुगेका छन् ।
पूर्वमुख्यमन्त्री कार्कीले बिराटनगर–१२ केशलिया खोलाको बाँध नाघी पानी पसेका बस्तीहरूमा पुगेर अवस्थाको प्रत्यक्ष अवलोकन र उद्धार कार्यको समन्वय गरेका हुन् । प्रभावित स्थानीयसँग भेटघाट गर्दै उनले तत्काल राहत र स्थायी समाधानका उपायबारे सुझाव दिएका छन् ।
कार्कीले भने, ‘मैले नेतृत्व गर्दा केशलिया कोरिडोरको परिकल्पना गरेको थिएँ । यसले केवल बाढी नियन्त्रणमा मात्र होइन, नागरिकको दिगो जीवनयापनमा पनि सहयोग पु¥याउँछ ।’
उनका अनुसार केशलिया कोरिडोर परियोजना दीर्घकालीन रूपमा लागू गर्न सके डुबान, जलनिकास र पूर्वी मोरङका आवासीय क्षेत्रको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने छ ।
कार्कीले प्रदेश सरकार र स्थानीय निकायलाई तत्काल राहत र पुनःस्थापनाको कार्य प्रभावकारी बनाउन आग्रह गर्दै प्रभावित नागरिकलाई नआत्तिन र सतर्क रहन अपिल गरेका छन् ।

# भारत आवश्यक सहयोगका लागि तयार





**काठमाडौँ ।**
नेपालमा हालैको लगातारको भारी वर्षाका कारण भएको जनधनको क्षतिप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो दुःख व्यक्त गरेका छन् ।
उनले यस कठिन समयमा नेपाल सरकार र नेपाली जनतासँग ऐक्यभाव प्रकट गर्दै भारत सँधै सहयोगका लागि तयार रहेको स्पष्ट पारेका छन् ।
प्रधानमन्त्री मोदीले आइतबार सामाजिक सञ्जाल ‘एक्स’ (पूर्व ट्विटर) मार्फत एक सन्देश दिँदै भनेका छन्, ‘नेपालमा भारी वर्षाका कारण भएको जनधनको क्षति अत्यन्तै दुःखद छ । यस कठिन घडीमा हामी नेपाल सरकार र नेपाली जनताको साथमा छौं । मित्र राष्ट्र र पहिलो प्रत्युत्तरदाताको हैसियतले भारत आवश्यक सबै प्रकारको सहयोग गर्न प्रतिबद्ध छ ।’
नेपालका विभिन्न भागहरूमा जारी भारी वर्षाले बाढी, पहिरो र डुबानजस्ता प्राकृतिक विपद् निम्त्याउँदै मानवीय तथा भौतिक क्षति पु¥याएको छ । उद्धार र राहतकार्य जारी रहेको अवस्थामा भारतले पुनः एक पटक छिमेकीको हैसियतले सहयोगको प्रस्ताव अघि सारेको हो ।
यसअघि पनि भारतले नेपालमा विभिन्न विपद्को बेला उद्धार, राहत तथा पुनर्निर्माणमा सक्रिय भूमिका खेल्दै आएको छ ।

# बाढीपहिरोका कारण १० करोड बराबरको क्षति



**काठमाडौँ ।**
असोज १७ र १८ गतेको अबिरल वर्षापछि आएको बाढी पहिरोका कारण करीब १० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।
उर्जा जलस्रोत, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार नदी कटान, डुबान र बाढीका कारण क्षति भएको हो ।
‘प्रारम्भिक विवरणअनुसार करिब १ हजार ५ सय मिटर तटबन्ध कटान भई जम्मा करिब १० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ,’ मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
नदी नियन्त्रणतर्फ झापाको गौरीगञ्ज–२ मा कन्काई नदीले हुलाकी राजमार्ग नजिक करिब २०० मिटर तटबन्ध कटान गर्दा होकलबारी गाउँका ११४ घर बारी डुबानमा परेका छन् र करिब ५०० हेक्टर धान खेतमा क्षति भएको जनाइएको छ । सोही नदीले झापा गाउँपालिका–२ कुवाडीमा थप २०० मिटर तटबन्ध कटान गरी करिब २५ हेक्टर जमिनमा क्षति पुर्याएको छ । जसको अनुमानित लागत ७५ लाख रुपैयाँ पुगेको छ । यसैबीच, मेची नदीले विभिन्न स्थानका स्परमा क्षति पुर्याएको छ भने यसको लागत करिब ५० लाख रुपैयाँ अनुमान गरिएको छ ।
बिराटनगर महानगरपालिका–६ र १२ मा केशलिया नदीको बाढीले ७५ घरधुरी डुबानमा पारी विस्थापित हुनुपरेको छ । सिरहामा कमला नदीले पटेरुवाको तटबन्धमा क्षति पुर्याएको छ जसको अनुमानित लागत २५ लाख रुपैयाँ रहेको छ । रौतहटमा लालबकैया नदीले मौलापुर र बौदीमाई क्षेत्रमा करिब १ सय ८० मिटर तटबन्ध बगाउँदा करिब ३ सय हेक्टर धान खेत र २ सय घर गोठ डुबानमा परेको विज्ञप्तीमा उल्लेख गरिएको छ । यसबाट करिब ६० लाख रुपैयाँ बराबरको क्षति भएको छ । त्यस्तै, महोत्तरीमा रातो नदीले बलवा, लोहरपट्टी, रतबारा तथा जलेश्वर क्षेत्रका तटबन्ध कुल ८९० मिटर कटान गरी ८ करोड रुपैयाँ बराबरको क्षति पुर्याएको छ । यसले सदरमुकाम जलेश्वर समेत बाढीको उच्च जोखिममा पारेको छ । सिंचाइतर्फ भने, विभिन्न आयोजनाका गेट समयमै सञ्चालन गरिएकाले ठूला संरचनागत क्षति नभएको जनाइएको छ । तर, झाँज सिंचाइ प्रणाली नजिकै मोहमदपुर गाउँ डुबानमा परेको छ भने सुनसरी–मोरङ, बाग्मती र नारायणी सिंचाइ आयोजनाभित्रका खोल्साले खेती योग्य जमिनमा कटान गरेका छन ।
यस्तै, सुनकोशी नदीको बाढीले निर्माणाधीन सुनकोशी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध स्थल डुबानमा पारेको छ । कफर ड्यामसहितका संरचनाको वास्तविक अवस्था भने एकिन हुन सकेको छैन् ।
त्यस्तै, कोशी र बाग्मती प्रदेशका इलाम, पाँचथर, ताप्लेजुङलगायत पहाडी जिल्लामा पहिरोका घटनाहरू भएका छन् । यद्यपि सो क्षेत्रका क्षतिको विस्तृत विवरण संकलन भइसकेको छैन ।

# मापदण्डअनुसार राहत र निःशुल्क उपचार गर्ने निर्देशन




**काठमाडौँ ।**
देशभर जारी लगातारको भारी वर्षाका कारण उत्पन्न मनसुनजन्य विपद्को प्रभाव न्यूनीकरण गर्न मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक आइतबार बसेको छ । बैठकले विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि आठ वटा महत्वपूर्ण निर्णयहरु गरेको छ ।
असोज १७ देखि देशका विभिन्न स्थानमा परेको अविरल वर्षा र त्यसबाट भएका जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै बैठकले मृतकप्रति श्रद्धाञ्जली तथा पीडित परिवारप्रति समवेदना व्यक्त गरेको छ । साथै, घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरिएको छ ।
प्रतिकार्य कमाण्ड पोष्ट बैठकले स्थानीय तहसँग समन्वय गरी मृतकका परिवारलाई मापदण्डअनुसार राहत उपलब्ध गराउन र घाइतेहरूको निःशुल्क उपचार सुनिश्चित गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरेको छ ।
मनसुनजन्य विपद्बाट प्रभावित व्यक्तिहरुको खोज, उद्धार, राहत र पुनस्थापनाका कार्यलाई निरन्तरता दिने निर्णयसँगै प्रारम्भिक क्षति विवरण संकलन गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउन समेत सम्बन्धित निकायहरूलाई आग्रह गरिएको छ ।
सडक, खानेपानी, विद्युत्, सञ्चारलगायत अत्यावश्यक सेवा पुनः सञ्चालन गर्न सम्बन्धित निकायहरूलाई तत्काल कदम चाल्न निर्देशन दिइएको छ ।
यस्तै, जोखिमयुक्त सडकमा रात्रीकालीन बस सेवा तत्काल बन्द गर्न र अत्यावश्यक सेवाका सवारी साधनको आवागमन स्थानीय प्रशासनको सिफारिसमा सञ्चालन गर्न सकिने निर्णय गरिएको छ ।
बैठकले विपद् व्यवस्थापनमा सक्रिय सुरक्षाकर्मी, जनप्रतिनिधि, स्वयंसेवक, गैरसरकारी संस्था, सञ्चारकर्मी तथा जनसमुदायप्रति आभार व्यक्त गरेको छ ।

# पाँच जलमापन केन्द्रमा खतरा र चारमा सतर्कता तह पार

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागले मुलुकका अधिकांश स्थानमा परेको भारी वर्षादेखि अतिभारी वर्षाका कारण हालसम्म देशभरका पाँच जलमापन केन्द्रमा जलसतहले खतराको तह पार गरेको छ । पूर्वका अन्य चार जलमापन केन्द्रमा भने जलसतहले सतर्कता तह पार गरेको विभागले जनाएको छ ।विभागको तथ्याङ्कमा आईतवार मध्याह्न १२ः३० बजेसम्म धनकुटास्थित अरुण नदी जलमापन केन्द्रले दिएको जानकारीअनुसार जलसतहले खतराको तह पार गरेर ११ दशमलव २३ मिटर पुगेको छ । उक्त केन्द्रमा ११ मिटर जलसतहलाई खतराको तह मानिन्छ ।
यसैगरी, धनकुटास्थित त्रिवेणीको तामोर नदी मापन केन्द्रमा १० मिटर खतराको तह रहेकामा ११ दशमलव ४७ मिटर जलसतह पुगेको छ । सुनसरीस्थित सप्तकोसी चतराको जलसतह सात दशमलव १३ मिटर पुगेको छ । उक्त स्टेशनको खतरा तह भने सात मिटर रहेको छ ।
त्यस्तै, सुनसरी खोलाको जलमापन केन्द्रमा जलसतह ८१ दशमलव ८८ मिटर पुगेको छ । उक्त केन्द्रमा ८१ दशमलव आठ मिटर जलसतहलाई खतराको तह मानिन्छ । इलामको मैनाचुलीस्थित कन्काई नदी जलमापन केन्द्रमा जलसतह पाँच दशमलव ६१ मिटर पुगेको छ । उक्त केन्द्रको जलसतहको खतरा तह भने चार दशमलव तीन मिटर रहेको छ ।
सिन्धुलीको खुर्कोटस्थित सुनकोसी जलमापन केन्द्र, धनकुटाको मुलघाटस्थित तमोर नदी, इलामको पुवाखोला र इलामकै चिसापानीस्थित माइखोला जलमापन केन्द्रमा भने जलसतहले सतर्कता तह पार गरेको विभागको तथ्याङ्कमा उल्लेख छ ।
विभागका जलविद् विनोद पराजुलीले पूर्वका नदीहरूमा बाढीको खतरा बाँकी रहेको र मुलुकका अन्य नदीमा जलसतह सामान्य रहेको जानकारी दिए । बाढीबाट हुनसक्ने सम्भावित धनजनको क्षति न्यूनीकरण गर्नका लागि मोबाइल एसएमएसमार्फत जनमानसलाई सचेत गराइएको उनको भनाइ छ ।रासस

# विपद्बाट भएको क्षतिको विवरण पठाउन प्राधिकरणको अनुरोध

**काठमाडौँ ।**
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद्बाट भएको प्रारम्भिक क्षतिको आकलन, प्रभावित सङ्ख्या तथा क्षेत्रको विवरण यथाशीघ्र सङ्कलन गरी पठाउन सम्बन्धित निकायलाई अनुरोध गरेको छ । प्राधिकरणमा आईतवार बसेको मनसुन प्रतिकार्य ‘कमाण्ड पोष्ट’ बैठकले विवरण पठाउन आग्रह गर्दै अतिभारी वर्षाका कारण उत्पन्न मनसुनजन्य विपद्का घटनाबाट पीडित तथा प्रभावित व्यक्तिको खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई निरन्तरता दिने निर्णय गरेको हो ।
बैठकले विपद् प्रभावित व्यक्ति तथा परिवारलाई राहत, स्थानान्तरण तथा पुनःस्थापनासम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गर्न सम्बन्धित स्थानीय तह र सरोकार भएका निकायलाई अनुरोध गर्ने निर्णय गरेको प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले जानकारी दिए । स्थानीय तहसँग समन्वय गरी मृतकका परिवारलाई राहत उपलब्ध गराउन र घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई आग्रह गर्ने निर्णयसमेत भएको उनले बताए ।
विपजन्य घटनाको जोखिमको विश्लेषण गरी लामो दूरी र काठमाडौँ भित्रिने÷बाहिरिने सवारीसाधन सञ्चालनमा रोक लगाइएकामा अर्को सूचना जारी नहुन्जेलसम्म जोखिमयुक्त राजमार्ग/सडकमा रात्रिकालीन बस सेवा सञ्चालन नगर्न÷नगराउन स्थानीय प्रशासनलाई आग्रह गरिएको छ ।
अत्यावश्यक सेवा, राजमार्गमा रोकिएका मालवाहक र यात्रुवाहक सवारीसाधन तथा छोटो दूरीमा सञ्चालन हुने सवारीसाधनको हकमा स्थानीयस्तरको विपद् जोखिमको अवस्थालाई दृष्टिगत गरी अन्तर जिल्ला समन्वयमा आवागमन सञ्चालन गर्ने निर्णय गरेको छ ।
बैठकले अवरुद्ध सडक मर्मतसम्भार गरी तत्काल सञ्चालन गर्न सडक विभाग, खानेपानी, विद्युत्, सञ्चारलगायत अत्यावश्यक सेवा सञ्चालन गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ ।रासस

सम्पादकीय

# संकटमा मधेशी नेताहरुको मौनता

देशभरका ३५ जिल्ला बाढीपहिरोको चपेटामा पर्दा मधेशका ८ जिल्ला नै परेका थिए । प्रत्येक जिल्लाबाट कम्तीमा एउटा नत्र दर्जनको हाराहारीमा नेताहरु मधेश र देशको राजनीतिमा छन् । तर जब मधेश संकटमा परेको हुन्छ, यस्तो बेला मधेशका नेताहरुको बोली सुन्न पाइँदैन । अझ पीडितहरुको बस्तीमा नेताहरु पुग्न भ्याउँदैनन् । बरु सामाजिक सञ्जालमा अलि अलि बोलेको सुन्न पाइन्छ । नत्र पीडा र शोकमा मधेशमा नेताहरुको अनुहार गायब हुने पुरानै रोग हो ।

यसपटक जेन्जी आन्दोलन होस् या यसपटकको बाढीपहिरोमा मधेशका नेताहरुको मौनता देखियो । जिल्ला सुरक्षा समितिले सुरक्षा दललाई सक्रिय बनाइरहँदा मधेशका नेताहरुको सक्रियता कतै देखिएन । प्रभु साह नेतृत्वको आमजनता पार्टीले बैठक रोकेर राहत र उद्धारमा जुट्न आग्रह गरेको थियो ।

यो बाहेक आइतबार मधेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले लिखित सन्देश जारी गरे । तर कुनै पनि दल र नेताहरुको सक्रिय सहभागिता जनताले पाएनन् । बस्ती डुबानमा हुँदा सञ्चारकर्मीहरु पुगे । सुरक्षाकर्मी पुगे । राजनीतिक दलका नेता कार्यकर्ताहरु फेसबुक हेरेर बसेका देखिन्थे ।

आजनताको दुःख, पीडामा सहभागी नभए पनि मधेशका जनताले मत पाइरहेका छन् । अहिलेको जेन्जी आन्दोलनका घाइते र मृतकको परिवारकहाँ पनि उनीहरु पुगेनन् । किनभने आन्दोलनका नाममा उनीहरुको पनि घर आक्रमणमा परेको थियो । त्यसैले आन्दोलनकर्मीप्रति उनीहरुको सहानुभूति देखिएन । फागुन २१ गते निर्वाचन तोकिएको छ । अहिले बाढीपहिरो र डुबानबाट बाँचेका जनताले नै मत दिने हो । तर ६ महिनाको बीचमा हुने निर्वाचनका मुख्य पक्ष, चाडपर्वको मुखमा यसरी संकटमा पर्दा कठैबरा समेत भन्न नसक्ने नेताहरुको बानीलाई जनताले चुपचाप सहेका हुन् या नेताहरुले यिनीहरुलाई किन समवेदना दिने भन्ने भाष्य बनाएका हुन्, समयले देखाउँदै जानेछ ।

# प्रदेश सरकार नागरिकका साथमा छ



सतिश कुमार सिंह

*वर्षा र बाढीले सिर्जना गरेको यो चुनौतीपूर्ण परिस्थितिमा सुरक्षा निकाय नागरिकको सुरक्षाका लागि पूर्ण रूपमा सक्रिय र प्रतिबद्ध छ । सुरक्षा निकायहरू उद्धार र राहत कार्यमा दिनरात खटिएका छन्, र तिनको अहोरात्र समर्पण उच्च प्रशंसनीय छ ।*

*प्रदेश सरकार मातहतका सबै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई वर्तमान परिस्थितिको संवेदनशीलता बुझी जिम्मेवारीपूर्वक आफ्नो कार्यक्षेत्रमा सेवा प्रवाहमा सक्रिय रहन अनुरोध गर्दछु ।*

*नागरिकको ज्यान र सम्पत्तिको सुरक्षाका लागि राहत, उद्धार र सहयोगका कार्यहरू निरन्तर भइरहेका छन् । यो विपद्मा कुनै पनि अमूल्य मानवजीवनको क्षति नहोस् भन्ने कामना गर्दछु ।*

*प्रदेश सरकार नागरिक बीमा र घरधुरी बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ । नागरिक बीमा र घरधुरी बीमाको रकम समयमै वितरणका लागि आवश्यक कागजात व्यवस्थापनमा सहयोग पु¥याउन म सुरक्षा निकाय, स्थानीय जनप्रतिनिधि तथा पालिकाका प्रमुखज्यूहरूलाई विशेष अनुरोध गर्दछु ।*

*स्थानीय तहले आफ्नो क्षेत्रमा बीमा पाउन योग्य नागरिकहरूको विवरण संकलन र कागजात तयारीमा तदारुकता देखाइदिनु हुनेछ भन्ने विश्वास लिएको छु । प्रदेशका आठै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू र स्थानीय प्रशासनहरू उच्च सतर्कता, तयारी, उद्धार र राहतका कार्यमा पूर्ण रूपमा क्रियाशील छन् । यो कठिन घडीमा प्रदेश सरकार तपाईंका साथ छ ।*

*हामी सबै मिलेर यो विपद् पार गर्नेछौं ,एक अर्काको सहयोग र एकताको भावना हाम्रो सबैभन्दा ठूलो शक्ति हो । सुरक्षित रहनुहोस्, सतर्क रहनुहोस् । सुरक्षा, राहत र पुनःस्थापनाका प्रत्येक कदममा प्रदेश सरकार नागरिकको साथमा रहेको अनुरोध गर्दछु । (मुख्यमन्त्री, मधेश सरकार)*

# इतिहासको मूल्य नबिसौं



टिकाराम सुनार

सडकमा उर्लिएको 'जेनजी' प्रदर्शनले निम्त्याएका परिणामहरू हाम्रा अगाडि नै छन् । त्यसको 'रापताप' केही सेलाउँदैछ, तर नेपाली राजनीति र समाजलाई सोधेका कठोर प्रश्न अझै तातै छन् । आक्रोश र निराशाको 'ज्वालामुखी' किन फुट्यो ? हामी यो प्रश्नभन्दा पर पुगिसकेका छौँ । अब त्यसले उत्सर्जन गरेका 'विषय' कसरी सम्बोधन हुन्छन् ? यो प्रश्न हाम्रा अगाडि छ । यसको तत्कालको उत्तर हो– गोलीले दागेका 'घाउ' मा मल्हम लगाउँदै आगामी फागुन २१ मा प्रतिनिधिसभा निर्वाचनको सुनिश्चित गर्नु । दीर्घकालीन उत्तर भने भ्रष्टाचार, कुशासन, दण्डहिनताको अन्त्य गर्दै सुशासन र समावेशी लोकतन्त्र उन्नत बनाउन आवश्यक वातावरण बनाउनु ।

अहिले समाजमा आशा र निराशा दुवै मडारिरहेका छन् । कसैले बादलभित्र 'चाँदीको घेरा' देखिरहेका छन् भने कसैले 'कालो बादल' । यी दुई मनोविज्ञानबाट ग्रस्त र त्रस्त हुने अवस्था छ । गलत सूचनाको बाढीले समाजलाई दोबाटोमा उभ्याइरहेको छ । एकातर्फ सुदृढ लोकतन्त्र, सुधारिएको दलीय व्यवस्था, सबैको विकास र सबैको अपनत्व भएको नेपाल । अर्कोतर्फ उत्तेजना र निराशाको आवरणमा भय सिर्जना गरेर 'राष्ट्र' र 'राष्ट्रिय हित' रक्षाको नाममा एउटा 'नायकत्व' भेट्ने बाटो । नेपाली समाजले पहिलो बाटोतर्फको यात्रालाई सुरक्षित देख्छ तर युवा आक्रोसको सही बैठान गर्न सकिएन भने विपरीत मार्ग फराकिलो बन्न सक्छ ।

'युवा आक्रोस'

असन्तोष नेपाली समाजको स्थायी प्रवृत्तिजस्तै भइसकेको छ । यसको जरा भ्रष्टाचार, असमानता, बेरोजगारी र दण्डहीनतासँग जोडिएको छ । राज्य स्रोतको अस्वाभाविक दोहन गर्ने 'सम्भ्रान्त' प्रवृत्तिले यसमा मलजल गरिरहेको छ । यस्ता प्रवृत्तिविरुद्ध इतिहासमा पटकपटक यसरी आक्रोश पोखिएका छन् । कहिले भद्र, त कहिले उग्र रूपमा, तर जब सुधारको आवाजलाई सुनिदैन र बेवास्ता गरिन्छ, तब आक्रोसले घृणाको रूप लिन्छ । यसले करिब करिब मोहभङ्गको अवस्था निम्त्याउँछ र विध्वंश त्यसको अभिन्न पक्ष बन्छ । 'जेनजी' प्रदर्शन यही घृणाको विस्तारित रुप हो भन्नेहरू धेरै छन् ।

स्वयम् जेन जीका प्रतिनिधिले नै परिवर्तनको तीव्र चाहना, शक्ति र सत्ता पुस्तान्तरणको अपिल, स्वदेशमै रोजगारी र असमानता अन्त्य गरिनुपर्छ भन्ने आवाजलाई बेवास्ता गरेपछि यो तहको 'घृणा' उत्पन्न भएको भनिरहेका छन् । फेरि पनि यो आवाज सुन्ने समय छ । यसको समाधान एकै छ–जवाफदेहिता, सुशासन र समान अवसरसहितको समुन्नत नेपाल । सूचना प्रविधिसँगै भइरहेको अभूतपूर्व विकासको गतिसँग गति मिलाउने अवस्था । जेनजीभित्रका अधिकांश समूहले चेतावनी दिंदै भनिरहेका छन्, सामाजिक, राजनीतिक र संरचनागत असफलताले संस्थागत गरेका पुराना समस्याको अन्त्य गर ।

'इतिहासको मूल्य'

नेपालसँग परिवर्तनका खातिर भएका सशस्त्र र निशस्त्र दुवैखाले विद्रोहको अनुभव छ । विभिन्न समयमा भएका सशस्त्र आन्दोलनको नेतृत्व गर्ने शक्ति (दल) अझै क्रियाशील छन् । त्यहीभित्र 'जेन जी' ले जस्तै सुधारको वकालत गरिरहेको र परिवर्तनका मुद्दा निरन्तर उठाइरहेको ठूलो 'अग्रगामी' हिस्सा छ । विडम्बना त्योभन्दा ठूलो राजनीतिक रूपमा 'सम्भ्रान्त' हिस्सा छ, जो सत्ताको चरम मदहोस्मा 'भाव शून्य' झैँ प्रस्तुत हुन्छ । त्यसले परिणाम दिने सामथ्र्य राख्दैन ।

निःशस्त्र विद्रोहको कुरा गर्दा लैङ्गिक समानताका लागि नारीवादी आन्दोलन, पहिचान र आत्मसम्मानका लागि आदिवासी जनजाति, मधेशी, थरुहटलगायत आन्दोलन, मानवोचित व्यवहार, सामाजिक न्याय र समानताका खातिर दलित, पिछडा वर्ग र सीमान्तकृतहरूका आन्दोलन भएका छन् । यी हरेक सङ्घर्षले अगाडि धकेलेका छन्, समकालीन सामन्तवादी समाजलाई अग्रगामी र प्रगतिशील बाटोमा डो¥याएका छन् । तिनै आन्दोलनले रैतीलाई नागरिक र नागरिकलाई सार्वभौम बनाएका हुन् ।

यो इतिहासको प्रसङ्ग घटनाहरूको विवरण मात्रै होइन, नेपाली समाजको स्मृति, सङ्घर्ष र भविष्य निर्माणको गोरेटो पनि हो । यी इतिहाससँग स्वतन्त्रता, समानता र न्यायका मूल्य गाँसिएका छन् । कहिलेकाहीँ इतिहासका 'गौरवगाथा' स्मृतिमा राख्ने तर मूल्यहरू पन्छाउने प्रयत्न हुन्छन्, त्यसो गर्दा इतिहास केबल पुस्तकमा मात्रै कैद हुन्छ, त्यसले समाज बदल्ने शक्ति बोक्दैन । यसलाई ख्याल गरिएन भने हाल सडकमा पोखिएको आक्रोशलाई पनि समाज बदल्ने शक्तिमा रूपान्तरण गर्न नसकिने खतरा रहन्छ । यसर्थ अब सावधानीपूर्वक इतिहास निर्माणको खाँचो छ । यसरी लेखिने इतिहास केबल घटना र पात्रमा सीमित हुनु हुँदैन, त्यससँग जोडिएका आदर्श र मूल्य पनि हेरिनुपर्छ । सोच्नुपर्छ–मूल्यविहीन इतिहास आत्माविहीन शरीर जस्तै हो, जसको अस्तित्व त हुन्छ तर जीवन हुँदैन ।

यसो भनिरहँदा यो पनि भुल्नु हुँदैन–हालको 'जेनजी' विद्रोहभित्र काठमाडौँ मात्रै होइन, देशभरका भावना मिसिएका छन् । देशको राजनीतिक भूगोल मात्रै होइन, त्योभन्दा बाहिर रहेका आमनेपाली सपना जोडिएका छन् । त्यसलाई चिन्नु र सुन्नु सक्नुपर्छ । अब लेखिने इतिहासले १४२ भन्दा बढी जातजाति, १२४ भन्दाबढी भाषाभाषी र १० भन्दाबढी धर्मका संवेदनालाई बोक्न सक्नुपर्छ ।

प्रदर्शनका क्रममा बलिदानी दिने र घाइते हुनेका पीडा त छँदैछन्, जनप्रतिनिधिको सर्वोच्च संस्था संसद्, न्यायको मन्दिर सर्वोच्च अदालत र सेवा प्रवाहको थलो सिंहदरबार जलाएपछिको 'आत्मग्लानी' लाई पनि बुझ्नुपर्छ । तिनले पुकारा गरिरहेका छन्–हामीलाई जीवन्त संविधान, अझ सबल र समावेशी राज्य प्रणाली, उन्नत लोकतन्त्र र सद्भावसहितको नेपाल चाहिएको छ ।

यसविपरीत कतिपयले संविधान फाल्ने, सङ्घीयता मेटाउने, समावेशी प्रणाली खारेज गर्नेजस्ता अभिव्यक्ति दिइरहेका छन् । यस्ता अभिव्यक्ति र सोचले विगतका हजारौँ सहिद र हालका ७६ जनाको बलिदानी तथा सयौँको रगतको उपहास गर्छ । यो संविधान कागजको दस्तावेज मात्रै होइन, यो हजारौँको बलिदानको उपज हो । यसमा जहाँनिया राणा शासनविरोधी जनक्रान्तिदेखि परिवर्तनका लागि हालसम्म भएका सङ्घर्षका मूल्य र भावना अन्तरनिहीत छन् ।

'संविधान र बलिदान'

हाम्रो अगाडिका उपलब्धि हजारौँ सहिद र लाखौँ नागरिकका सङ्घर्षका परिणाम हुन् । हाम्रो आँकडाले नै यसमा १४ हजार ६०८ जना सहिद (विसं २०८० पुस २४ मा घोषणा) को प्राण छ । लाखौँको रगत लत्पत्तिएको छ । माओवादी सशस्त्र द्वन्द्वमा मात्र १७ हजारले बलिदानी गरेको तथ्य राज्यको स्मृतिमै छ । त्यसबाहेक सामाजिक, सांस्कृतिक, लैङ्गिक र जातीय उत्पीडनविरुद्ध भएका सङ्घर्षका थुप्रै कथा इतिहासका पानामा सुरक्षित छन् । यी उदाहरणले आजको नेपाल थुप्रै वीर विरङ्गनाको त्याग र बलिदानीमाथि उभिएको प्रष्ट देखाउँछ । ती सबै भावना संविधानसभामार्फत निर्मित नेपालको संविधानमा समेट्ने प्रयास भएका छन् । यसको आत्मा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र र नागरिक सर्वोच्चता हो । भलै यसविरुद्ध र यसलाई अझ समृद्ध बनाउने चाहनासहित विभिन्न समूहले असन्तुष्टि पोखिरहेका छन् । उदारवादी लोकतन्त्रको चरित्र, समाजवादको यात्रा, बहुलवादको सिद्धान्त र सम्पत्तिमाथि व्यक्तिको अधिकार तथा सामाजिक न्याय स्थापनाको सङ्कल्प गरिएकाले ती विरोध यसैभित्र बाँधिएका छन् ।

हो, ती सङ्कल्प कार्यान्वयन गर्न राज्यको क्षमता र नेतृत्वको अक्षमताले केही व्यवधान उत्पन्न भएका छन् । यी व्यवधान हटाउँछु भन्ने चाहना भएका हरेक सार्वभौम नागरिकलाई 'नेतृत्व' गर्ने अवसर यसै संविधानले सुरक्षित गरेको छ । यसका लागि राज्यको रु २९ अर्बभन्दा बढी खर्च भएको छ । अनौपचारिक क्षेत्र र गैरसरकारी सङ्घसंस्थाले गरेको हिसाब जोड्ने हो भने यो आँकडा करिब रु ५० अर्ब पुग्ने अर्थविज्ञले नै भन्छन् । आँकडाको कुरा मात्रै होइन, त्यो रकम र समयभित्र अन्तर्निहित मूल्य चानचुने छैन ।

त्यसैले 'फलाम तातिएको छ यहीबेला हिर्काउने' भन्ने सोच भएकाहरूको अतिरञ्जनाबाट माथि उठौँ । संविधान र व्यवस्थामा कमजोरी छन्, तर सुधार गर्न सकिने प्रशस्त गुञ्जायस पनि छन् । सुधारको बाटो फराकिलो बनाउनु अहिलेको आवश्यकता हो । अहिलेका समस्या संविधान र व्यवस्थाभन्दा बढी समयको गति पक्रिन नसक्ने, युगको आवाज सुन्न नचाहने नेतृत्व प्रवृत्तिले निम्त्याएका हुन् । यसैविरुद्ध निर्मम चेतावनी दिन 'जेनजी' का नाममा सबै सडकमा आएका हुन् । त्यसैले स्मृत्तिमै राखौँ, सार्वभौम नागरिक अधिकार खोसिने अवस्था आउँदा र हजारौँको बलिदानीपछिका उपलब्धि माथि धावा बोल्दा नेपाली आत्माहरू बौरिन्छन् । शालिन लाग्ने 'मान्छे' हरूले मौनता भङ्ग गर्छन् । हिजो गरे, आज पनि गर्छन् ।

'सम्हालिँदै अगाडि बढौँ'

आजको नेपाल बनाउन कैयौँ शताब्दी बितेका छन्, भलै धेरैलाई योभन्दा कैयन राम्रो नेपाल बनाउन सकिन्थ्यो भन्ने लाग्छ । त्यो बहसकै विषय हो, तर आज हाम्रा अगाडि जेजस्तो नेपाल छ, त्यो समयको प्रतिफल मात्रै होइन, पुर्खाहरूको पौरखको उपलब्धि हो । अब यसलाई भत्काउने होइन, सिँगार्नेहरूको खाँचो छ । सबैको अपनत्व र सबैका लागि अवसर भएको नेपाल आजको आवश्यकता हो । त्यस्तो अवस्था बनाउन सकिएमा मात्रै बलिदानको मूल्य सुरक्षित रहन्छ । लोकतन्त्रको भविष्य उज्यालो हुन्छ । काठमाडौँका सडक र मञ्चमा पोखिने आवाज मात्रै होइन, 'समग्र नेपाल' को आवाज सुरक्षित भए मात्रै त्यस्तो नेपाल बन्नसक्छ ।

सुन्दर नेपालको सपना देख्दा केही दशकयता मात्रै आत्मसम्मान महसुस गर्न थालेको मधेश (करिब २१ प्रतिशत) को मनोभावना बिर्सन मिल्दैन । समान अवसरको वकालत गर्दा संविधानले सुनिश्चित गरेको सकारात्मक विभेद्पछि राज्य मेरो पनि हो भनेर अपनत्व महसुस गर्न थालेको दलित (१३ दशमलव ४ प्रतिशत) को मलिन आवाजलाई पनि बुझ्नुपर्छ । गणतन्त्र र संविधानपछि राज्यको सर्वोच्च पदमा आफ्नो अनुहार देखेका महिला (५१ दशमलव १३ प्रतिशत) को भावनालाई ठेस पु¥याउन मिल्दैन । यही संविधानपछि आफ्नो भाषा, संस्कृति र पहिचानमा गौरव गरिरहेको आदिवासी–जानजाति (३४ दशमलव ८७ प्रतिशत) लगायतको भावनालाई नजरअन्दाज गरिनु हुँदैन । विकट भूगोलकै कारण अवसरबाट पर परेका जनता पिछडिएको भूगोलका आवाज र सबै प्रकारका सामन्तवादी सोचको बर्खिलापमा रहेका बहुसंख्यक खस आर्यको मौनतालाई कमजोर आँक्नु हुँदैन ।

यी सबैसँगै भएको सद्भावसहितको नेपालले मात्रै सुन्दर भविष्यको गोरेटो कोर्न सक्छ । यी सबैलाई एकताको सुत्रमा बाधेर हिंड्ने सोचसहित लेखिएको इतिहास मात्रै दिगो हुन्छ । अन्यथा भएका उपलब्धि मेटेर योभन्दा धेरै राम्रो गर्न सकिन्छ भन्ने भ्रम पालेमा 'भूँइको टिप्दा पोल्टाको गुम्ने' अवस्था आउन सक्छ । नेपालको विविधता कमजोरी होइन, यो शक्ति हो । यही विविधताले नेपाललाई विशेष बनाएको छ । संविधान, सङ्घीयता र समावेशी व्यवस्थाले त्यही विविधतालाई संस्थागत गर्ने अठोट बोकेको छ । त्यसलाई गोडमेल गर्दै समुन्नत नेपाल निर्माण गर्ने प्रशस्त ठाउँ छ । सबैलाई जोड्ने सोचसहितको आक्रोसले मात्रै वैधता पाउँछ । त्यस्तो सोचले इतिहास निर्माणको शक्ति आर्जन गर्छ । यसर्थ, सहमति र समन्वयको बाटोबाट युवापुस्ताले देखेको नेपाल बनाउन हातेमालो गरौँ ।

# विदेशी मुलुकले नेपाली कामदारलाई भिसामा कडाइ गर्ने चिन्ता



गनी अन्सारी

जेन जी आन्दोलनका क्रममा सरकारी संरचनासँगै निजी व्यवसायमाथि भएका तोडफोड तथा आगजनीका घटनाको असर वैदेशिक रोजगारीको अवसरमा समेत पर्ने व्यवसायीहरूले चेतावनी दिएका छन् । तोडफोडका गतिवितिमा नेपाली युवाहरू संलग्न भएको देखेर गन्तव्य मुलुकहरू भिसा दिने काममा कडाइ गर्न सक्ने बीबीसीसँग उनीहरूले बताएका हुन् ।

आन्दोलनपछि खास गरी संयुक्त अरब एमिरेट्स यूएईले कतिपय नेपालीको भिसा अस्वीकृत गर्नु त्यसैको एउटा कडी भएको अधिकारीहरूले समेत स्वीकारेका छन् । नेपालबाट हाललाई पर्यटक वा कामदार भिसामा नपठाउन यूएईका व्यवसायीहरूले इमेल पठाउन थालेको एक नेपाली व्यवसायीले बीबीसीलाई बताए ।

**नकारात्मक सन्देश**

वैदेशिक रोजगारीमा गएकामध्ये कतिपय नेपालीहरू खाडी मुलुकहरूमा झैझगडा, मारपिट तथा बेलाबखत हडतालमै जाने गरेका उदाहरणबीच नेपालमा भएको पछिल्लो घटनाले नकारात्मक सन्देश गएको श्रम मामिलाका जानकार गणेश गुरुङ बताउँछन् । कलकारखाना तथा व्यापारिक भवनहरूमा भएका तोडफोड एवं आगजानीबाट भएका क्षतिसँगै नेपालमा बेरोजगारी बढ्ने र वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या वृद्धि हुने उनको आकलन छ ।

तर त्योसँगै चुनौती पनि थपिएको उनी औँल्याउँछन् । 'गन्तव्य मुलुकहरूमा त्यसको नकारात्मक प्रभाव पर्छ। यूएईलगायत मुलुकले भिसा दिनमा कडाइ गर्न सक्छन् ।' भिसा लिएर बसेका कतिपय नेपालीहरू पनि जान थालेपछि विस्तारै सङ्ख्या बढ्ने उनी बताउँछन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घको प्रारम्भिक आकलन अनुसार आगजनी तथा तोडफोडका घटनाबाट निजी क्षेत्रमा ८० अर्ब रुपैयाँ बराबरको क्षति भएको छ ।

निजी व्यावसायिक प्रतिष्ठानका भौतिक संरचनाहरूमा पुगेको क्षतिका कारण १५ हजारभन्दा बढीको रोजगारी प्रभावित भएको महासङ्घको प्रारम्भिक अनुमान छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता मेघनाथ रिमालका अनुसार वैदेशिक रोजगारमा जाने नेपालीहरूको सङ्ख्या अहिले नै बढिसकेको दखिएको छैन ।

**अध्ययनमा सरकार**

जेन जी आन्दोलनपश्चात् सेप्टेम्बर १० देखि सेप्टेम्बर २२ सम्म अर्थात् १० दिनको अवधिमा २९ हजार जनाले श्रम स्वीकृति लिएको उनले बताए । यद्यपि पछिल्लो आन्दोलनको असर वैदेशिक रोजगारमा कस्तो पर्छ भन्ने कुरा अहिले नै बताउन गाह्रो रहेको रिमाल बताउँछन् ।

'अहिले नै अनुमान गर्न सक्ने अथवा यस्तो अवस्था हो भन्न सक्ने स्थिति छैन । हामी पनि छलफलकै क्रममा छौँ र अध्ययनकै क्रममा रहेकाले यस विषयमा मन्त्रालयको आधिकारिक धारणा आइसकेको छैन,' उनले अगाडि थपे । यूएईले हालै विभिन्न नौवटा देशका हकमा पर्यटक तथा कामदार भिसामा तत्कालका लागि प्रतिबन्ध लगाएको छ । सुरक्षालगायत कारण देखाउँदै प्रतिबन्ध लगाइएका देशमा दक्षिण एशियाका बाङ्ग्लादेश र अफगानिस्तान पनि रहेका छन् । सूचीमा नेपाल नपरे पनि जेन जी आन्दोलनपश्चात् यूएईले कतिपय नेपालीहरूको भिसा अस्वीकृत गरेको सूचना पाइएको स्रोतहरूले बीबीसीसँग पुष्टि गरेका छन् ।

**अनौपचारिक जानकारी**

एकजना व्यवसायी तथा नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका भूतपूर्व महासचिव मेघनाथ भुर्तेलले यूएईका व्यवसायीहरूले नेपाली नपठाउन भन्न थालेको बताए । 'हामीसँग कारोबार गर्ने दुबईका क्लाइन्टहरूलाई पर्यटक र कामदार भिसा बन्द गरिएको भनेर औपचारिक रूपमै भनिसकिएको हामीलाई इमेल आएको छ,' उनले बीबीसीसँग भने । शुरूमा नेपाली क्रिकेटरहरूको भिसा आउन ढिलाइ हुनु त्यसैको कारण भएको भुर्तेलको तर्क छ ।

नेपाल क्रिकेट सङ्घ क्यानले पहल गरेपश्चात् नेपाली खेलाडीहरूले पछि भिसा पाएका थिए । नेपाली राष्ट्रिय क्रिकेट टोली वेस्ट इन्डिजको राष्ट्रिय टोलीसँग खेल्नका लागि शारजाह जान लागेको थियो ।

कतार र मलेशियाले पनि हाललाई प्रतिबन्ध लगाउन लागेका हल्ला आफूहरूले सुनेको भुर्तेलले बताए । यद्यपि आधिकारिक रूपमा त्यसबारे केही सुनिएको छैन । यूएई, साउदी अरब र कतार लगायतका खाडी मुलुकहरू खास गरी नेपाली अदक्ष तथा अर्धदक्ष कामदारहरूका लागि प्रमुख गन्तव्य मुलुकमा पर्छन् । ती देशहरूमा ठूलो सङ्ख्यामा नेपाली कामदारहरू रोजगारीका लागि जाने गरेका छन् । गत आर्थिक वर्षमा नौ लाख ३९ हजार नेपालीले श्रम स्वीकृति लिएकामा दुई लाख ६४ हजार व्यक्ति यूएई गएका सरकारी तथ्याङ्कले देखाउँछ । बीबीसी

# अत्यावश्यक हलुका सवारीसाधनलाई गन्तव्यतर्फ लाग्न अनुमति



**चितवन।**
अविरल वर्षापछि पहिरोको जोखिमका कारण रोकिएका अत्यावश्यक साना सवारीसाधनलाई गन्तव्यतर्फ लाग्न अनुमति दिइएको छ।
शनिबार साँझ ६ बजेदेखि नारायणगढ–मुग्लिन सडकखण्ड र पृथ्वी राजमार्गको चितवनतर्फको सडकमा सवारी साधान आवागमन बन्द गरिएको थियो।
जिल्ला प्रहरी कार्यालका प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार नारायणगढ–मुग्लिन सडकखण्ड र पृथ्वी राजमार्गको चितवन खण्डतर्फको सडकमा ठाउँठाउँमा पहिरोसँगै ढुङ्गा झरेको छ । ती ढुङ्गा र साना पहिरोहरु पन्छाएर अत्यावश्यक हलुका सवारीसाधन गन्तव्यतर्फ पठाइएको हो।
शुक्रबार साँझदेखि परेको वर्षातले सडकमा पहिरोको जोखिम रहेकाले लामो दूरीका सवारीसाधन रोकिएका छन् । उनका अनुसार काठमाडौँ जाने सवारीसाधनलाई ट्राफिक व्यवस्थापन एवम् आपत्कालीन अवस्थामा सवारी रोक्ने योजनाअनुसार इच्छाकामना गाउँपालिकाको फिस्लिङ, कुरिनटार र मुग्लिन, भरतपुर महानगरपालिकाको जुगेडी, रामनगर, आँपटारी, पोखरा बसपार्क, बाइपास रोड, केन्द्रीय बस ट्रमिनल, गोन्द्राङ एवम् पूर्वी चितवनको शान्ति चोक टाँडी, चौबिसकोठी खैरहनी, डडुवा बजार भण्डारा, लोथर बजार लोथरमा सवारीसाधन रोकिएको छ।
धादिङ, तनहुँलगायतका जिल्लाहरुमा समेत पहिरो एवम् ढुङ्गा खसेर सडक अवरोध भएको उनले जानकारी दिए । सडकको अवरोध नहट्दासम्म र मौसमको प्रतिकुलताअनुसार जिल्लाका विभिन्न विभिन्न स्थानमा रहेका 'होल्डिङ सेन्टर'मा रहेका सवारीसाधनलाई यथास्थानमा रहनसमेत प्रहरीले आग्रह गरेको छ । अवस्था हेरेर ती साधन पार गराइने उनले जानकारी दिए।रासस

# अविरल वर्षातको प्रभावः प्रमुख आठ नदी खतराको तह पार, १२ नदी सतर्कताको तहमाथि

**काठमाडौँ।**
अविरल वर्षातका कारण देशका विभिन्न आठ नदीले खतराको तह पार गरेका छन् । जल तथा मौसम विज्ञान विभागका आईतवार बिहानसम्मको अद्यावधिक 'रेकर्ड'अनुसार बागमती, सुनकोशी, अरुण, तमोर, कन्काई, बूढीखोला–सुनसरी, बिरिङ खोला झापालगायत नदीका बाढी मापन केन्द्रहरुमा बाढीले खतराको तह पार गरेका हुन्।
विभागको बाढी पूर्वानुमान शाखा प्रमुख विनोद पराजुलीका अनुसार अन्य १२ नदी केन्द्रहरुमा जलसतह सतर्कता तहभन्दा माथि रहेको छ । उनका अनुसार कोशी प्रदेशमा बढ्दो, बागमती र मधेस प्रदेशका केहीमा स्थिर र केहीमा घट्दो क्रममा रहेको छ। यसैगरी कोशी मधेस प्रदेश र बागमती प्रदेशका अन्य सबै नदीनालाहरुमा बहाव सतर्कता तह नजिक रहेको बाढी पूर्वानुमान शाखाले जनाएको छ।
बागमती प्रदेश र मधेस प्रदेशको क्षेत्रमा वर्षाको तीव्रता विस्तारै घट्न सुरु गरेको छभने कोशी प्रदेशको धेरै स्थानमा मध्यमदेखि भारी वर्षा भइरहेको पनि जनाइएको छ । जुन क्रम अबको केही घण्टा कायम रहन सक्ने देखिएको विभागले आज बिहान जारी गरेको सूचनामा उल्लेख छ। ती नदीमा आज बेलुकीसम्मै बाढीको उच्च जोखिमको पूर्वानुमान छभने मध्यम जोखिम सोमबार बिहानसम्मै रहने जनाइएको छ।रासस

# पृथ्वीराजमार्गका विभिन्न स्थानमा पहिरो आवागमन असम्भव

**धादिङ ।**
गत शनिबार र शुक्रबारको अविरल वर्षाका कारण पृथ्वीराजमार्गका विभिन्न स्थानका पहिराले सवारी आवागमन प्रभावित भएका छन् ।
सडकमा रोकिएका सवारीहरु गन्तव्यतर्फ जान अनुमति दिएर शुक्रबार साँझदेखि अत्यावश्यकबाहेक अन्य सवारी आवागमनमा रोक लगाइएको थियो । अहिले पृथ्वीराजमार्गमा सवारी आवागमन प्रायः शून्यजस्तै बनेको छ ।
वेनिघाट रोराङ गाउँपालिका–१० ज्यामिरेघाटमा आईतवार बिहान करिब ८:३० बजे पहिरोले सडक अवरुद्ध भएको छ । यसैगरी थाक्रे गाउँपालिका–७ सातकिल्ला, गजुरी गाउँपालिका–५ घाटबेसी, गजुरी–६ जहरेखेत र बेनिघाट रोराङ –१० जवाङखोला क्षेत्रमा पनि पहिरो खसेको जनाइएको छ । आज बिहानै जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरी पहिरो जोखिमका कारण राजमार्गको यात्रामा ननिस्कन र सूचनाको पूर्ण पालना गर्न यातायात व्यवसायी र यात्रुहरुलाई आग्रह गरेको छ ।
त्रिभुवन राजपथको नागढुङ्गा नौबिसे, पृथ्वीराजमार्गको नौबिसे मुग्लिन सडकको केही स्थान क्षतविक्षत बनेको छ । भलपानीले सडकमा थुपारेको गेग्रानले पनि सवारी सञ्चालन गर्न मुस्किल छ ।
प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले भने, 'सानाठूला पहिरोले ठाउँठाउँमा सडक अवरुद्ध छ । विस्तारका क्रममा रहेको राजमार्गको ठाउँठाउँमा पहिरोको उच्च जोखिम छ । पूर्ण रुपमा सडक सफा नगरी सवारी आवागमन गर्न सकिने अवस्था छैन ।'
प्रमुख जिल्ला अधिकारी सुवेदीका अनुसार राजमार्गमा कतिखेर पहिरो खस्छ र सडक अवरुद्ध हुन्छ भन्ने आँकलन गर्न सकिने अवस्था छैन । सडक अवरुद्ध हुने गरी पहिरो नझरेको स्थानमा पनि ढुङ्गा खस्ने र सडकमा बजारिने उच्च जोखिम छ । यसरी खसेको ढुङ्गा गुडिरहेको सवारीमा नबजारियोस् र मानवीय क्षति नहोस् भन्नाको लागि पनि पूर्ण रुपले सवारी आवागमनमा रोक लगाइएको हो ।
पृथ्वी राजमार्गमा अहिले स्थानीय बासिन्दा अत्यावश्यक काममा मात्र आवतजावत गर्दैछन् भने एक जिल्लाबाट अर्को जिल्ला पुग्ने लामो दूरीका सवारीसाधन राजमार्गमा गुडेका छैनन् । वर्षा रोकिए पनि सडक सफा गर्न र सडक पुनःसञ्चालन गर्न अझै केही समय कुर्नुपर्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भेषराज रिजालले जानकारी दिए ।रासस

# कोशी ब्यारेजका ५० ढोका खोलिए



**सुनसरी ।**
अविरल वर्षातका कारण सप्तकोशी नदीमा जलवहाव बढ्दै गएपछि कोशी ब्यारेजका ५० ढोका खोलिएका छन् ।
जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता योगराज खतिवडाले कोशी ब्यारेजमा पानीको वहाव प्रतिसेकेण्ड ३ लाख ३५ हजार पुगेपछि ब्यारेजका ५६ ढोकामध्ये ५० खोलिएको जानकारी दिए । उनका अनुसार आईतवार बिहान ८:१५ बजे सो नदीको जलवहाव मापन गरिएको थियो । बिहान ७:०० बजे सो नदीको जलवहाव मापन गर्दा दुई लाख ७१ हजार ३१० क्यूसेक पुगेपछि ३९ ढोका खोलिएको थियो ।
शनिबार बेलुका ८:०० बजे पानीको प्रवाह मापन गर्दा एक लाख ९३ हजार ६० प्रतिसेकेण्ड पाइएपछि १५ ढोका खोलिएको थियो । गत भदौ १७ गते नदीमा पानीको वहाव उच्च हुँदै जाँदा कोशी ब्यारेजका ५६ मध्ये ३८ ढोका खोलिएको थियो । यसपछि लगातार पानीको वहाव घटेको थियो । शुक्रबार र शनिबार लगातार बर्षा भइरहेको कारण आज बिहानदेखि सप्तकोशीमा पानीको वहाव बढ्दै गएको प्रवक्ता खतिवडाले जानकारी दिए ।
कोशी ब्यारेजमा पानीको प्रवाह एक लाख ५० हजार क्युसेक नाघेपछि खतराको सङ्केतस्वरूप रातो बत्ती बाल्ने गरिन्छ । सोहीअनुसार अहिले कोशी ब्यारेजमा तीन रातो बत्ती बालिएको कन्ट्रोल रुमले जनाएको छ । गत शुक्रबार र शनिबारदेखिको लगातार वर्षाले सप्तकोशी नदीको जलवहाव बढेको छ ।
जलवहाव उच्च भएपछि कोशी ब्यारेजमा सबै ५६ ढोका खोलिएका छन् । सुनसरी प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले कोशीमा पानीको वहाव प्रतिसेकेन्ड तीन लाख ३५ हजार ३६० क्युसेकभन्दा बढी भएपछि ५६ ढोका खोलिएको बताए । उनका अनुसार नदीमा निरन्तर जलमापन भइरहेको छ ।
आइतवार बिहान ८:१५ बजे गरिएको जल सतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेण्ड तीन लाख ३५ हजार ६० क्युसेक पुगेपछि ५० ढोका खोलिएको थियो ।
उनले भने, 'पानीको सतह निरन्तर बढेपछि कोशी ब्यारेजमा जोखिमको सङ्केतस्वरुप रातो बत्ती बालिएको छ भने रातो झण्डा फहराइएका छन् ।'
सप्तकोशी जलमापन कन्ट्रोल रुमले जलसतह जोखिम विन्दुभन्दा माथि पुगेको जानकारी दिएको छ ।
बाढीले उदयपुर र सुनसरीका केही क्षेत्रमा जोखिम हुने हुँदा तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन प्रमुख जिल्ला अधिकारी मिश्रले आग्रह गरे । रासस

# पाँचथर बोलेरो दुर्घटनाः मृतकको पहिचान

**पाँचथर।**
तमोर कोरिडोरअन्तर्गत यहाँको कुम्मायक गाउँपालिका–३ कात्तिकेमा शनिबार भएको बोलेरो दुर्घटनामा ज्यान गुमाउने छ जनाको पहिचान खुलेको छ ।
जिल्लाको मिक्वाखोला गाउँपालिका–४ साँवाबाट धरान जाँदै गरेको मे १ ज ३०५५ नम्बरको बोलेरो शनिबार मध्याह्न कुम्मायक–३ कात्तिकेमा सडकबाट करिब ३०० मिटर तल झरेर दुर्घटना भएको थियो । दुर्घटनामा छ जना घाइते भएका छन्।
जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक रुपेश तामाङका अनुसार दुर्घटनामा मृत्यु हुनेहरुमा मोरङको उर्लाबारी नगरपालिका–८ की २८ वर्षीया मनिषा कार्की, ताप्लेजुङको मेरिङदेन गाउँपालिका–५ की २९ वर्षीया युना तामाङ, ३३ वर्षीय धनकुमार चोङबाङ र ३२ वर्षीय अभिषेक लिम्बू, मेरिङदेन गाउँपालिका–२ का ३३ वर्षीय विनोद लङ्वा लिम्बू र मेरिङदेन गाउँपालिका–४ का २१ वर्षीया गीता हाङगाम छन्।
घाइतेको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घाइतेमा मेरिङदेन–५ का २२ वर्षीय महेश लिम्बू र २५ वर्षीय विमल लिम्बू, मिक्वाखोला गाउँपालिका–४ का २५ वर्षीया मनु साँवा लिम्बू, सोही स्थानका सन्तोष लिम्बूका सात वर्षीय छोरा अनिश लिम्बू र ३० वर्षीय संजोहाङ लिम्बू तथा सुनसरीको इटहरी उपमहानगरपालिका–७ का ३५ वर्षीय महेश गुरागाइँ रहेका छन् । बोलेरो आफैं अनियन्त्रित भई सडकको दायाँतर्फबाट झरेको प्रहरीले जनाएको छ ।रासस

# यस्तो छ भक्तपुरमा अविरल वर्षाको असर

**भक्तपुर।**
शुक्रबारदेखि परेको अविरल वर्षाले भक्तपुरको जनजीवन आंशिक प्रभावित बन्न पुगेको छ। जिल्लाको विभिन्न स्थानमा पहिरो जानुका साथै सडक अवरुद्ध भएका छन् भने डुबानसमेत भएको छ।
वर्षाका कारण अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक साँगा सडकखण्डमा पहिराले बाटो अवरुद्ध भएको छ। शनिबार गएको पहिरो पन्छाइ सडक खुलाउने प्रयास भइरहेको छ। सूर्यविनयक–७ किवा चोक गुण्डुस्थित महादेव मन्दिर नजिकै रहेको सडकखण्ड वर्षाका कारणले पहिरो गएपश्चात् गुण्डु किवाचोक हुँदै नयाँ थिमि चल्ने यातायात पूर्ण रूपमा बन्द भएको छ।
यसैगरी भक्तपुर नगरपालिकाको जगाती र राममन्दिर स्थित टुरिजम मार्केट क्षेत्रमा हनुमन्ते खोलाले आसपासका क्षेत्रमा डुबान समेत भएको छ । वर्षाले भक्तपुरमा सबैभन्दा बढी क्षति चाँगुनारायण नगरपालिकाभित्र गरेको छ । चाँगुनारायण–६, कमलविनायक–खरिपाटी–नगर कोट सडकखण्डमा मुहान पोखरी, तेलकोट, बास्तोला गाउँलगायतको ठाउँहरुमा सडकको भित्ताहरुमा स–साना पहिरो खसेको र बास्तोला गाउँको पहिरो स्काभेटरको सहायतले पन्छाएर सडक खुलाइएको छ।
यस्तै चाँगुनारायण –९ र सूर्यविनायक–१० को सिमानामा पर्ने च्याम्हासिंह–ताथली–नाला सडक खण्डमा पनि नाला गुम्बामुनि सडकको भित्ताहरुमा स–साना पहिरो खसेको छ, तर सडक भने अवरुद्ध नभएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।
चाँगुनारायण–८ चरेली, विन्दवासिनीस्थित कमलविनायकदेखि कलमसी जाने मुख्य सडकमा शनिबार साँझ ५ बजे पहिरो गएको छ।यातायात सेवा भने एकतर्फी सञ्चालनमा रहेको जनाइएको छ।
चाँगुनारायण–६ बास्तोला गाउँमा रहेकोको सुमन बास्तोलाको घर अगाडि पहिरो गएकोमा नगरपालिकाले त्रिपाल र प्लास्टिक ओढाएर जोखिम न्यूनीकरण गरेको जनाइएको छ।
चाँगुनारायण–७, बागेश्वरीस्थित हेल्थपोष्ट नजिकको सडकको छेउपट्टी भाग भाँसिएकोले प्लास्टिक राखेर जोखिम न्यूनीकरण गरिएको छ । चाँगुनारायण–६, तेलकोटमा रहेकोको कमला लामिछानेकोको घर अगाडि पहिरो गएको छ, तर क्षति भने भएको छैन।
चाँगुनारायण –१, चाँगुनारायण माविबाट नेक कलेज हुँदै मूलपानी निस्कने ढलान सडकको छेउ भागमा प्वाल परेकोले वैकल्पिक मार्गको रुपमा खड्का डिल हुँदै बेसिबाट नेक कलेज मूलपानी जान सकिने व्यवस्था गरिएको प्रशासनले जनाएको छ।
चाँगुनारायण ७ र ८ वडा हुँदै बग्ने घट्टे खोला र मूल साँघुखोलाको बहावले गर्दा यसको आसपासमा रहेका धान बालीहरु डुबानमा परेको छ। अविरल वर्षाले मध्यपुर थिमि नगरपालिकाको वडा नं ४, ३ र १ भएर बग्ने हनुमन्ते खोलाले खोला किनारको तरकारी, धानबाली डुबानमा पारेको छ भने केही घर टहराका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ।
बाढी बढी जोखिम रहेको मध्यपुर थिमिका लोहकिन्थलीस्थित सुकुम्बासी बस्ती, राधेराधे, कौशलटार सागबारीको अवस्था सामान्य छ । वर्षाले प्रसिद्ध धार्मिकस्थल नीलबाराही मन्दिर आसपास भरिएका माटो सामान्य बगाए पनि मुख्य मन्दिरलाई केही असर नगरेको प्रशासनले जनाएको छ।रासस

# गाडी बग्दा एकको मृत्यु, २१ को सकुशल उद्धार



**उदयपुर ।**
बेलका नगरपालिका–४ स्थित लाल बजार नजिकैको अमन खोलाले एक हायस गाडी बगाउँदा २१ जनाको उद्धार भएको छ भने एकजना मृत फेला परेका छन् ।
जिल्ला प्रहरी कार्यालयका अनुसार गएराति १२ बजे मोरङको विराटनगरबाट काडमाडौँ हिँडेको बा ४ ख १६२८ को हायस गाडी सिन्धुलीको भिमानबाट पुनः फर्कने क्रममा उदयपुरको बेलकास्थित लालबजार नजिकैको अमन खोलाको कजवेमा बाढीले बगाएको हो ।
गाडीमा सवार २२ जनामध्ये इलाका प्रहरी कार्यालय बेलका र जिल्ला प्रहरी कार्यालयको टोलीले २१ जनाको उद्धार गरेको थियो भने एकजना बेपता भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङले बताए ।
बाढीले बगाएको एक जनालाई खोजी गर्ने क्रममा अहिले बिहान इलाका प्रहरी कार्यालय बेलकाको टोलीले बगाएको स्थानभन्दा डेढ किलोमिटर तल गिदेरी खोला नजिकै शव फेला पारेको इप्रकाका प्रमुख मौसम उदासले बताए । मृतक मोरङको सुन्दरहरैचा नगरपालिका बस्ने वर्ष ४० की मञ्जु अधिकारी रहेको प्रहरीले जनाएको छ ।रासस

# ‘अकबरे खुर्सानी बिक्री गर्न बजारको समस्या छैन, माग धेरै छ ’




**तनहुँ ।**
तनहुँको भिमाद नगरपालिका–९ को भानुमतिका कृषकले अकबरे खुर्सानी उत्पादनबाट करिब ४५ लाख रुपैयाँ आम्दानी गरेका छन् । सामूहिक अकबरे खुर्सानीखेती गरेका यहाँका कृषकले ४५ लाख रुपैयाँ आम्दानी गरेका हुन् ।
मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषक समूहमार्फत यहाँ अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमानबहादुर थापाले जानकारी दिए । यहाँका ३५ जना कृषक अकबरे खुर्सानीखेतीमा आबद्ध छन् ।
कृषक अखिल सारु मगरले यस वर्ष अकबरे खुर्सानी बिक्रीबाट सात लाख रुपैयाँ आम्दानी गरिसक्नुभएको छ ।
करिब १२ लाख रुपैयाँ आम्दानी हुने उनको अनुमान छ । कृषक जयकुमार थापाले खुर्सानी बिक्री गरी एक लाख ५० हजार रुपैयाँ आम्दानी भएको जानकारी दिए । उनले मकै र कोदो रोप्ने बारीमा अकबरे खुर्सानी गरेको बताए । असारदेखि अकबरे खुर्सानी बजार पु¬याइएको उनले उल्लेख गरे ।
यहाँको कटनछाप, पाथर्दी, सखेप, पाइमे, जौपानीममा व्यक्तिगतसँगै सामूहिक अकबरे खुर्सानीखेती गरिएको छ । वडालाई अकबरेखेतीको पकेट क्षेत्र बनाउन ५० हजार बेर्ना कृषकलाई वितरण गरिएको थापाले बताए ।
अकबरे खुर्सानी बिक्रीबाट यहाँका कृषकले न्यूनतम ७० हजार रुपैयाँ आम्दानी गरेका छन् । उनले भने, ‘अकबरे खुर्सानीले यहाँका कृषकको मुहारमा खुसी ल्याएको छ ।’ अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले कृषकको जीवन गुलियो बनाएको थापाको भनाइ छ ।
कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यहाँका स्थानीयवासी अकबरे खुर्सानीखेतीमा लागेका हुन् । उक्त खेतीबाट कृषकहरुले वार्षिक दुई लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेका छन् ।
उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरुमा बिक्री गरिएको छ । उनले भने, ‘बजारको समस्या छैन, माग धेरै छ ।’
हाल बजारमा प्रतिकेजी तीन सय रुपैयाँ देखि ५०० रुपैयाँ थोक मूल्य रहेको छ । खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नम्बर ९ ले एक लाख रुपैयाँ अनुदान दिएको थियो ।रासस

# लामो समयदेखि प्रभावित प्रसारण लाइन निर्माण शुरु

**तनहुँ ।**
लामो समयदेखि प्रभावित रहेको १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्याकेज–३ को काम पुनः शुरु भएको छ ।
आयोजना र निर्माण व्यवसायीबाट संयुक्त रुपमा प्रसारण लाइन निर्माण क्षेत्रको भ्रमण गरी जग्गा अधिग्रहण र वन क्षेत्रको प्रयोगमा रहेको समस्या सम्बोधनको पहल गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।
वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउनका लागि आयोजनाले सम्बन्धित निकायहरुसँग आवश्यक परामर्श, समन्वय र सहजीकरण गरिरहेको भण्डारीको भनाइ छ । वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउन स्वीकृती नपाउँदा प्रसारण लाइन निर्माण प्रभावित भएको थियो ।
दमौली भरतपुर २२० केभी प्रसारण लाइनअन्तर्गत चितवनमा प्रसारण लाइन निर्माण गर्दा प्रयोग भएको वन क्षेत्रको जग्गा सट्टाभर्ना उपलब्ध गराउने विषयमा वन नियमावलीमा भएको व्यवस्था बमोजिम हालै चितवनका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जग्गा प्राप्ति सहजीकरण समितिको बैठक बसेको थियो ।
बैठकमा चितवन जिल्लामा प्रसारण लाइन निर्माण गर्दा प्रयोग गरिने जग्गा सट्टाभर्ना उपलब्ध गराउने प्रयोजनार्थ राष्ट्रिय वनसँग जोडिएको, सम्भव भएसम्म समान भौगोलिक र पारिस्थितिकीय क्षेत्र रहेको, वन विकास गर्न सकिने भूबनोट भएको तथा एकै स्थानमा रही एकआपसमा जोडिएको चक्लाबन्दी भएको निजी जग्गा नेपाल सरकारको नाममा रजिष्ट्रेसन पास गर्ने गरी जग्गा बिक्री गर्न गराउन इच्छुक जग्गाधनीहरुलाई पुनः सार्वजनिक सूचनामार्फत आह्वान गर्ने निर्णय भएको छ ।
समितिको बैठकबाट सट्टाभर्नाका लागि आयोजनालाई आवश्यक पर्याप्त जग्गा प्राप्त हुन नसकेको बेहोरो वन तथा भूसंरक्षण विभागलाई र वन नियमावलीमा भएको व्यवस्था बमोजिम जग्गा प्रयोग गरेबापतको रकम जम्मा गर्न आयोजनालाई सिफारिस गर्ने निर्णय भएको जनाइएको छ ।
प्रसारण लाइन निर्माणतर्फ हालसम्म ७४ प्रतिशत प्रगति भएको छ । प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरको जग हाल्ने र ६९ वटा टावर जडान सम्पन्न भइसकेको छ । २२ वटा टावरहरुको जग संरक्षण सम्पन्न भएको र दुई स्थानमा जारी रहेको भण्डारीले बताए ।
केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिरहेको छ । प्रसारण लाइन निर्माणको काम सन् २०२२ मे सम्म सम्पन्न गर्ने लक्ष्य राखिएपनि कोभिड १९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृती वन मन्त्रालयबाट प्राप्त हुन ढिलाई हुँदा सम्झौताको म्याद थप गरिएको थियो ।
प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका–१३ र १४, बन्दीपुर गाउँपालिका–६, आँबुखैरेनी गाउँपालिका–६, देवघाट गाउँपालिका–४ र ५ मा पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ ।रासस

# पर्यटकका पर्खाइमा पर्वतका घरबास

**पर्वत ।**
वर्षायामसँगै ग्रामीण सडक अवरुद्ध हुँदा यहाँका ग्रामीण क्षेत्रमा सञ्चालित होमस्टे (घरबास)सुनसान बनेका छन् ।
जिल्लामा पाँच दर्जन बढी होमस्टे सेवा सञ्चालित छन् । वर्षायामका कारण सुनसानजस्तै बनेका होमस्टेहरु जेनजी प्रदर्शनका क्रममा थप प्रभावित बनेका हुन् । मनसुन सकिन थालेसँगै पर्यटकका पर्खाइमा रहेको भए पनि तत्काल पर्यटक आउने सम्भावना नरहेको भन्दै चिन्तित बनेका छन् ।
वर्षायाम शुरु भएसँगै गत असारदेखिनै पर्यटकहरुको आगमनमा कमी भएपछि यहाँ सञ्चालित होमस्टे सुनसान बनेका हुन् ।
यहाँका सातवटै पालिकामा गरी ६२ घरबास सञ्चालनमा छन् । पर्यटन तथा उद्योग कार्यालयका अनुसार कुश्मा नगरपालिकामा ११, फलेवास नगरपालिकामा पाँच, मोदी गाउँपालिकामा १९, जलजला गाउँपालिकामा छ, महाशिला गाउँपालिकामा नौ, पैंयुँमा तीन र विहादीमा सातवटा होमस्टे सेवा सञ्चालनमा रहेका छन् । यी सामुदायिक होमस्टे हुन् भने दुईवटा निजी होमस्टे समेत सञ्चालनमा छन् ।
जिल्लाको कुश्मा नगरपालि–३ दुर्लुङ्ग, वडा नं १४ आर्थर, फलेवास –२ थापाठाना, जलजला गाउँपालिकाको बाँखसर्क, लेखफाँट, शालिजा, महाशीला गाउँपालिकाको भोक्सिङ, पाखापानी, बालाकोट, लुङ्खु, बिहादी गाउँपालिकाको गेप्टाङ र बाँच्छा सामुदायिक होमस्टे तथा पैंयु गाउँपालिकाको नेकर्गा र चिन्नेखर्कलगायतका स्थानमा सञ्चालित घरबास वर्षायामका कारण ठप्पजस्तै रहेको सञ्चालकले बताएका छन् ।



गण्डकी प्रदेशकै अग्रणी घरबास सेवा दिँदै आएको मोदी –८ चित्रेस्थित पञ्चकोशी सामुदायिक होमस्टेमा मात्र गत वर्षमा चार हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रिएका थिए । धेरैको रोजाइमा पर्दै आएको ‘चित्रे ग्रामीण पर्यटन होमस्टे’ मा विभिन्न जिल्लाबाट पाहुनाहरु आउने क्रम अब शुरु हुने होमस्टे व्यवस्थापन समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताए ।
प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको काखमा रहेको चित्रेबाट देखिने प्राकृतिक दृश्यका साथै गुरुङ जातिको मौलिक कलाले होमस्टेमा आउनेहरुको मन जित्दै आएको छ ।
अहिले वर्षायाम भएकाले आन्तरिक तथा बाह्य पर्यटकको संख्या सुन्यजस्तै रहेको छ । अब विस्तारै हिउँदयाम शुरु भएपछि पर्यटकहरु आउने क्रम शुरु हुने बताए ।
चित्रे हुँदै स्याङ्जा, कास्की र पर्वतको सङ्गमस्थल पञ्चासेमा पदयात्रा गर्दै समेत जाने ‘रुट’ समेत रहेका कारण पदयात्रामा जानेदेखि चित्रेको कला र प्राकृतिक सौन्दर्य हेर्न जाने आन्तरिक पर्यटकहरुको संख्या धेरै छ ।
होमस्टे पुग्ना साथ गुरुङ पोसाकमा सजिएका महिलाबाट टीका, फूल र मालाबाट गरिने आतिथ्यले सबैलाई फुरुङ्ग बनाउँछ । खानाको रुपमा कोदोको पिठोबाट बनाइएको पुवा, सेल रोटी, गुन्द्रुक र भट्टको तरकारी, स्थानीय जातका गोलभैँडाबाट बनाएको चटनी अनि लेकको चिसोपानीले मथेर बनाएको मोहीले धेरैलाई लोभ्याउँछ । चित्रेको होमस्टेका आकर्षणमा अर्गानिक र स्थानीय खानाका स्वादसँगै पञ्चेबाजाको ताल र भजनको टुक्का पनि रहेको होमस्टे विकास समितिका सल्लाहकार मधुसोदन अधिकारीले बताए । अहिले सडक समेत अवरुद्ध भएकाले पर्यटकहरु आउन सकेका छैनन् । यस्तै मोदी–१ भुकताङ्लेमा रहेको लप्सीबोट सामुदायिक र भुक देउराली नमूना सामुदायिक होमस्टे पनि सुनसान छन् । गाउँ जोड्ने पातीचौर–देउपुर–लप्सीवोट सडक एक महिनादेखि अवरुद्ध हुँदा पर्यटकहरु आउन नसकेको वडाध्यक्ष टेकबहादुर गुरुङले बताए ।
वर्षायाममा न्यून पर्यटक आउने भए पनि सडक समेत अवरुद्ध हुँदा झनै ठप्प बनेको उनले जानकारी दिए ।
नियमित वर्षा भइरहँदा जिल्लाका अन्य होमस्टेहरुमा पनि पर्यटकको चहलपहल बढ्न नसकिरहेको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ । कार्यालयका अनुसार वर्षा रोकिएपछि चाडबाड शुरु हुने र पर्यटनको मौसमसमेत शुरु हुने भएकाले चहलपहल बढ्ने कार्यालय प्रमुख अशोक नेपालीले बताए । रासस

# आज र भोलि शेयर बजार बन्द रहने

**काठमाडौँ ।**
आज र भोलि दुईदिन शेयर बजार बन्द हुने भएको छ । लगातारको भारी वर्षाका कारण सरकारले असोज १९ र २० गते सार्वजनिक बिदा दिने निर्णय गरेसँगै आज र भोलि गरी दुईदिन शेयरबजार पनि बन्द हुने भएको हो ।
दशैंको लामो बिदापछि आजदेखि नियमित कारोबार शुरु हुने अपेक्षा गरिएको शेयरबजार, मौसमजन्य विषम परिस्थितीका कारण पुनः बन्द भएको हो । सरकारले देशभर प्रभाव पारेको अविरल वर्षालाई ध्यानमा राख्दै वित्तीय संस्था, सरकारी कार्यालय र शैक्षिक संस्था समेत दुईदिनका लागि बन्द गर्ने निर्णय गरेको छ ।
यसअघि लगानीकर्ताले दशैंपछिको कारोबारमा बजार सक्रिय हुने र कारोबारको मात्रा वृद्धि हुने अपेक्षा गरेका थिए । तर लगातारको अवरोधका कारण लगानीकर्तामा अनिश्चितता बढेको छ ।
यद्यपी, विज्ञहरुले भने छोटो अवधिका लागि कारोबार रोकिनुले बजारमा ठूलो नकारात्मक असर नपर्ने बताउँदै आएका छन् । तर लगानीकर्ताको मनोबल भने प्रभावित भएको छ । लगातार बिदा र अस्थिर मौसमका कारण बजार खुल्नेबित्तिकै कारोबारमा शुरुवाती दिनमा उतारचढाव देखिने सम्भावना रहेको उनीहरूको आँकलन छ ।

# तीन राज्यमा खोकीको सिरपमा प्रतिबन्ध

**भारत ।**
कम्तीमा तीन भारतीय राज्यले खोकीको सिरप सेवनपछि धेरै बालबालिकाको मृत्यु भएपछि उक्त औषधिमा प्रतिबन्ध लगाएको स्थानीय अधिकारीहरू र रिपोर्टहरूले जनाएका छन् ।
मध्य प्रदेश र राजस्थानमा अगस्टको अन्त्यदेखि पाँच वर्षमुनिका कम्तीमा नौ बालबालिकाको मृत्यु उनीहरूलाई दिइएको खोकीको औषधिसँग सम्बन्धित रहेको बताइएको छ ।
भारतको स्वास्थ्य मन्त्रालयले शनिबार दिएको जानकारीअनुसार बालबालिकाले सेवन गरेको सिरपको नमूनामा गरिएको प्रयोगशाला परीक्षणले औद्योगिक विलयमा (सोल्भेन्ट्स) प्रयोग हुने विषाक्त पदार्थ डाइथाइलिन ग्लाइकोल (डिइजी) पाइएको छ, जुन सानो मात्रामा पनि सेवन गरेमा घातक हुन सक्छ ।
‘नमूनाहरूमा स्वीकार्य सीमाभन्दा बाहिर डिइजी पाइएको छ’, मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।
‘कोल्ड्रिफ कफ सिरप’ नामक ब्रान्डमा बिक्री हुने यो उत्पादन दक्षिण भारतको तमिलनाडु राज्यस्थित स्रेसन फार्मा कम्पनीले उत्पादन गरेको हो ।
‘यस सिरपको बिक्री सम्पूर्ण मध्य प्रदेशमा प्रतिबन्धित गरिएको छ’, मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले भने । उनका अनुसार उक्त कम्पनीका अन्य उत्पादनहरूमा पनि बिक्री प्रतिबन्ध लगाइएको छ ।
त्यस्तै, तमिलनाडु र केरला राज्यका अधिकारीहरूले समेत उक्त सिरपको बिक्रीमा रोक लगाएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।
हालका वर्षहरूमा भारतमा निर्मित खोकीका सिरपहरू विश्वव्यापी रूपमा विवादमा आएका छन् । सन् २०२२ मा गाम्बियामा ७० भन्दा बढी बालबालिकाको मृत्यु भएपछि भारतका औषधि उत्पादनहरू पुनः गम्भीर छानबिनको दायरामा आएका हुन् ।एजेन्सी

# एक करोड खर्चेर अतिथि आवास निर्माण

**बागलुङ ।**
भक्तजनको सुविधाका लागि बिहुँस्थित कोतघरमा दुई वटा अतिथि आवासगृह निर्माण गरिएको छ ।
बिहुँकोटबाट रोजगारीको सिलसिलामा जापान पुगेकाहरुको सहयोगमा बागलुङको काठेखोला गाउँपालिका–६ स्थित बिहुँकोत मन्दिरमा दुई पक्की आवासगृह निर्माण गरिएको हो । जापान समाज बिहुँकोट र बिहुँकोट समाज जापानको पहलमा विभिन्न ५१ जनाले प्रदान गरेको रु एक करोड रकमबाट २६ जनासम्म बस्न मिल्ने अतिथि आवासगृह निर्माण गरिएको बिहुँकोट समाज जापान तथा अतिथि आवासगृह निर्माणका संयोजक दीपक कँडेलले जानकारी दिए ।
तल्लो र उपल्लो दुई कोतघरमै दुई पक्की अतिथि अवासगृह निर्माण गरेर फूलपातीको दिन हस्तान्तरण गरिएको कँडेलले बताए । उनले हालसम्म एक करोड १० लाख रुपैयाँ रकम सङ्कलन भइसकेको र कोतघरमा अन्य पूर्वाधारको कामसमेत हुने बताए ।
दुई अतिथि आवास निर्माणमा भने एक करोड रुपैयाँ खर्च भइसकेको बताए । रोजगारीको सिलसिलामा जापानमा रहेका बिहुँकोट निवासीबाट सङ्कलन भएको रकमबाट बिहुँकोत मन्दिरमा विभिन्न पूर्वाधार निर्माणसँगै फुलपाती मेलाको आयोजना गरिन थालेको जापान समाज बिहुँकोटका अध्यक्ष नारायणप्रसाद कँडेले बताए ।
उनले बिहुँकोटमा आउने भक्तजनलाई खाना र बस्नको व्यवस्थापनका लागि आवासगृह निर्माण गरिएको बताए । उनले प्रचारप्रसारको अभावमा ओझेलमा परेको बिहुँकोत मन्दिरलाई उजागर गर्ने पूर्वाधार निर्माण गर्ने लगायतका काम जापानमा बस्ने बिहुँकोट निवासीबाट भइरहेको बताए ।
तीन वर्षयता शौचालय, तारबार, सडक ढलान, खानेपानी, पदमार्ग र प्रवेशद्वार जस्ता पूर्वाधार निर्माणको काममा बिहुँकोट समाज जापान सक्रिय रहेको छ ।
फुलफातीका दिन एक करोड रुपैयाँ लागतमा निर्माण भएको अतिथि आवासगृहको उद्घाटन बिहुँकोट समाज जापानका संरक्षक तथा समाजसेवी दीपक सुवेदीले गरेका थिए ।
सुवेदीले भक्तजनको सुविधाका लागि एकसाथ दुई आवासगृह निर्माण गरिएको जनाउँदै बिहुँकोत मन्दिरको प्रचारप्रसार प्रचारको कमी भएको बताए । उनले कोतघरले धार्मिक पर्यटक भित्र्याउने सम्भावना देखेर लगानी गरेको बताए ।रासस

# महिला क्रिकेटः नेपाल पराजित

**काठमाडौँ ।**
मलेसियाविरुद्धको टी ट्वेन्टी अन्तरराष्ट्रिय शृङ्खलाको तेस्रो खेलमा नेपाल पराजित भएको छ ।
मलेसियाको क्वालालम्पुरमा आईतवार भएको खेलमा मलेलियासँग नेपाली महिला राष्ट्रिय क्रिकेट टोली १३ रनले पराजित भएको हो । यो पराजयसँगै पाँच खेलको उक्त शृङ्खलामा मलेसियाले नेपालसँग २–१ को अग्रता बनाएको छ । यसअघि भएको पहिलो खेलमा नेपाल मलेसियासँग तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा ६ विकेटको जित निकालेको थियो । मलेसियाले जितको लागि दिएको एक सय २१ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाउदै एक सय सात रनमा



समेटियो । नेपालका लागि रुबी पोद्धारले सर्वाधिक ३१ रनको योगदान दिइन् ।यसैगरी, कप्तान इन्दु बर्मा २२ रनमा अविजित रहिन् भने सम्झना खड्काले १८ रन बनाइन् । साथै कविता जोशी र कविता कुँवरले समान दुईदुई विकेट लिएका थिए । रासस

# विज्ञ भन्छन्– विपदमा मनोबल उच्च बनाउनुहोस्

**काठमाडौँ ।**

*तेता के के हुँदै छ, यता बाढी पसेर*
*फेरि हामी दुखिकै खायो मुटु कलेजा*
*हामी भयौं बेघरबार, हामी भयौं बेघरबार*
*चरी लैजा समाचार, हामी भयौं बेघरबार*

गायक अञ्जान बाबुको स्वरमा गुन्जिएको यो गीत सुन्दा यस्तो लाग्छ, नेपालको प्रत्येक वर्षको मनसुनी विपद्को कथा यही हो । निरन्तरको भारी वर्षासँगै देशका विभिन्न स्थानमा कतै पानीको बहाव बढेर बाढी बस्ती छिर्छ र बस्ती डुबाउँछ । कतै पहिरोले बस्ती बगाउँछ । अनि यो गीतका शब्द, स्वर र पीडा—फेरि पनि नेपालीहरूको मनमा गुञ्जिन्छ ।

अहिले जसरी मुलुकका अधिकांश स्थानमा भारी वर्षा भइरहेको छ, कति नदीमा पानीको बहाव बढेर बाढीको जोखिम देखिएको छ । गीतको भावले भनेझैँ कोही पनि घरबारविहीन नहोउन्, कोही कसैले ज्यान नगुमाओस्, अनि कोही कसैले प्रियजन गुमाउन नपरोस्, भन्ने कामना नेपालीहरूले गरिरहेका छन् । शुक्रबार साँझदेखि नै मुलुकका अधिकांश स्थानमा निरन्तर वर्षा भइरहेको छ । नदीको बहाव बढ्न थालेको छ, पहिरोको खतरा पनि उस्तै छ । मनसुनी विपद्को चपेटामा पर्ने पो हो कि भन्ने डर जनमानसमा देखिन्छ ।

सरकारले केही दिनयतादेखि नै मुलुकका विभिन्न स्थानमा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गर्दै आएको छ । कतिपय स्थानमा राहत टोली परिचालनमा छन् । बाढी–पहिरोजस्ता मनसुनजन्य विपद्बाट हुने सम्भावित क्षति कम गर्न मुख्य राजमार्गमा आवागमन बन्द गरिएको छ । कतिपय स्थानमा विद्यालय अस्थायी बास बनेका छन् । तर सर्वसाधारणको मनभित्रको भय पनि उस्तै देखिन्छ ।

गत वर्षको असोजमा आएको बाढीले ललितपुर महानगरपालिका–२५ की सविता माझीको घरमै पसेर भागाभाग गराएको थियो । अहिले पनि निरन्तर भइरहेको वर्षाले उहाँलाई अझै झस्काएको छ । कतै बाढीले फेरि उठिबास लगाउने हो कि भन्ने भयले माझीलाई बिचलित बनाएको छ ।

'साना बालबच्चा छन्, गत वर्ष त स्कुलमा गएर बस्यौं, कति दिन भोकै भयौं, अहिले पनि डर छ नि, फेरि बाढी आउँछ कि भन्ने । आयो भने कता भाग्ने भन्ने पनि थाहा छैन,' उनि भन्छन, 'पानी नरोकिएसम्म तनाब लागिरहेको छ ।'

भक्तपुरकी मनमाया खड्कालाई पनि हनुमन्ते खोलामा जलसतह बढिरहेको समाचारले त्रसित बनाएको छ । पहिले पनि घरभित्रै बाढी पसेको र यसपटक पनि बाढी पस्ने हो कि भन्ने चिन्ताले सताएको छ उनलाई ।

उनिहरू त केही उदाहरणका पात्र मात्रै हुनुहुन्छ । यी र यस्तै, अनि यसभन्दा पनि अझ भयानक विपद् भोग्नेहरूलाई अहिलेको निरन्तर वर्षाले तर्साइरहेको छ ।

वरिष्ठ मानसिक रोग विशेषज्ञ डा सरोजराज ओझाले प्राकृतिक विपद्को समयमा हुने धनजनको क्षतिको कारण मानिसको मानसिक स्वास्थ्यमा असर पार्न सक्ने र यसले मनोवैज्ञानिक रूपमा त्रास उत्पन्न गराउन सक्ने बताउछन । 'यस्तो अवस्थामा विपद्लाई स्वीकार गर्नुपर्छ र सावधानी अपनाएर सुरक्षित रहनुपर्छ । धनजनको क्षति हुँदा मानिस आत्तिनु स्वाभाविक हो, तर यसलाई स्वीकार गरेर मनोवैज्ञानिक रूपमा आफूलाई बलियो बनाउनुपर्छ । समाज, आफन्त, परिवार र राज्यको साथले त्यस्ता व्यक्ति मानसिक रूपमा बलियो बन्न सक्छन्,' उनले भने ।

डा ओझाका अनुसार, विपद्पछि देखा पर्ने सामान्य लक्षणमा तनाव, डर, निन्द्राको समस्या, रक्सी वा अन्य नशाको सेवनजस्ता समस्या देखिन सक्छन् । डर र त्रास उत्पन्न भइसकेपछि सकेसम्म आफूले नियन्त्रण गर्ने, सहयोग लिन र स्वस्थ जीवनशैली अपनाउनु नै उत्तम हुन्छ,' उनले भने ।

डा ओझाका अनुसार, मनो–सामाजिक स्वास्थ्य कायम राख्न नकारात्मक समाचार कम हेर्नु, सकारात्मक जानकारीमा ध्यान दिनु, योग र हल्का व्यायाम गर्नु, आवश्यक परे परिवार वा मित्रसँग कुरा गरेर सहयोग लिनु, र अत्यधिक तनाव वा उताउलोपन भए मनोचिकित्सकको परामर्श लिनु उचित हुन्छ ।

'विपद्पछिको मनो–सामाजिक परामर्श सार्वजनिक र व्यापक रूपमा पहुँचयोग्य हुनुपर्छ,' उनले थपे, 'मनोवैज्ञानिक त्रास भन्नाले यस्तो अवस्था जनाउँछ, जहाँ मानिसले अकल्पनीय पीडा वा क्षति भोगेपछि आफ्नो मानसिक सन्तुलन र भावनात्मक स्थिरता गुमाउँछ ।'

- **विपद्पछि मानसिक स्वास्थ्यमा प्रभाव बढ्न सक्छः विशेषज्ञ**

ललितपुरस्थित पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा वासुदेव कार्कीका अनुसार, हरेक प्रकारका विपद्को समयमा मानिसमा मनोवैज्ञानिक असर पर्न सक्छ । उनले योजनाअनुसार अघि बढिरहेको जीवनमा अचानक आएको विपद्ले मनमा नकारात्मक प्रभाव पार्छ र त्यसको गम्भीरता व्यक्ति अनुसार फरक पर्न सक्ने बताए ।

डा कार्की भने 'विगतका अनुभव, सामना गर्ने क्षमता र सहयोगी संयन्त्रको अभावले विपद्को समयमा मानसिक प्रभाव पनि फरक पर्छ । कुनै व्यक्तिमा हल्का तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुन सक्छ ।'

उनका अनुसार, विपद्पछि देखा पर्न सक्ने आम मनोवैज्ञानिक समस्यामध्ये चिन्ता (एन्जाइटी) र डिप्रेशन प्रमुख हुन् । विपद्का कारण लामो समय तनाव लिँदा निन्द्रामा समस्या आउने, लागुऔषधको प्रयोग बढ्ने, घरेलु हिंसा वृद्धि हुने र पारिवारिक सन्तुलन बिग्रने जस्ता समस्या देखिन सक्छन् । 'अत्यधिक निराशाको अवस्थामा आत्महत्यासम्मको खतरा रहन्छ,' डा कार्कीले भने ।

उनका अनुसार, यस्ता अवस्थाबाट बच्न मानसिक स्वास्थ्यसम्बन्धी सहयोग र परामर्श अत्यावश्यक हुन्छ । 'कसैले पनि आफ्नो समस्या लुकाउन हुँदैन, खुल्न सक्नुपर्छ, कठिन समयमा साथ दिनु, सकारात्मक सामाजिक माहोल बनाउनु र सहानुभूतिपूर्ण व्यवहार गर्नु महत्त्वपूर्ण हुन्छ,' उनले सुझाए ।

डा कार्कीले मानसिक स्वास्थ्य सहयोगका लागि निःशुल्क हटलाइन सेवा '११६६' मा सम्पर्क गर्न सकिने जानकारी दिए । साथै, मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामीलाई सामाजिक संघ–संस्थासँग समन्वय गरी आवश्यक सहयोग पुर्‍याउने पहल भइरहेको पनि उनको भनाइ छ ।

'विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक समुदायका व्यक्ति तथा पहिले नै मानसिक समस्या भोगिरहेका व्यक्तिहरू विपद्पछि मनो–सामाजिक समस्यामा बढी संवेदनशील हुने गर्छन्,' उनले थपे । उनले सरकार, समुदाय र परिवार सबैले मिलेर विपद्पछि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याए ।

- **विपद्को समयमा मनोबल उच्च बनाउन आवश्यक**

अहिलेको जस्तो प्राकृतिक विपद्को समयमा मानिसको मानसिक स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्नका लागि सकेसम्म मनोबल उच्च राख्न आवश्यक रहेको बताउछिन मनोविद् डा करुणा कुँवर । अग्रीम सचेतना र आवश्यक तयारी गर्न सके मानसिक रूपमा हुन सक्ने समस्या कम हुने उनको भनाइ छ ।

डा कुँवरका अनुसार, विपद् अघि नै मानिसलाई सुरक्षित रहन सचेत गराउने र मानसिक रूपमा तयार पार्न पनि उत्तिकै आवश्यक हुन्छ । 'सरकारले विपद् पूर्वतयारी र विपद् व्यवस्थापनमा राम्रो तयारी गरेको भए पनि घरबार गुम्ने डर, परिवार वा आफन्त गुमाउने भयलगायतका कारण मानिसमा तनाव बढ्न सक्छ,' उनले भनिन, 'तसर्थ मनोबल उच्च राख्दै जो जहाँ छन् त्यहीँ सुरक्षित रहनुपर्छ । यस्तो अवस्थामा विशेषगरी बालबालिका र वृद्धवृद्धिलाई सुरक्षित स्थानमा राख्नुपर्छ ।'



कुँवरले विपद्का क्रममा मनोवैज्ञानिक त्रास बढ्ने र मानसिक समस्याका कारण परामर्श लिन आउने घटना देखिएको स्मरण गरे । 'विगतका घटनाले पनि मानिसलाई अझै तर्साउँछ । यसले थप मानसिक असर पर्न सक्छ । कुनै पनि विपद्पछि मानसिक रूपमा बलियो हुन कतिपयका लागि सहज हुन सक्छ भने कसैलाई लामो समय लाग्न सक्छ,' उनले भनिन ।

डा कुँवरका अनुसार, समयमै परामर्श लिनु, संयमित रहनु र मानसिक तयारी अपनाउनु आवश्यक हुन्छ । समुदायस्तरमा पनि विपद्पछिको मानसिक स्वास्थ्य कायम राख्न सहयोग पुग्छ । उहाँले सबैलाई मानसिक स्वास्थ्यको ख्याल राख्न र विपद्पछि समुदाय तथा परिवारमा सहयोग र सहकार्यको वातावरण बनाउन आग्रह गरिन ।

- **गर्भवतीमा मानसिक र शारीरिक प्रभाव**

बाढी–पहिरोजस्ता प्राकृतिक विपद्को समयमा गर्भवतीको शारीरिक स्वास्थ्य र मानसिक अवस्थामासमेत बढी प्रभाव पर्न सक्ने विशेषज्ञको भनाइ छ । स्त्रीरोग विशेषज्ञ तथा प्रसूति चिकित्सक डा इसा श्रेष्ठ भन्छीन 'विपद्को समयमा गर्भवतीमा डर, तनाव, रक्तचाप वृद्धि र मानसिक अस्थिरता देखा पर्न सक्छ । सुरक्षित रहनु, हतारमा स्वास्थ्य केन्द्रमा नजानु र मानसिक स्थिरता कायम राख्नु आवश्यक हुन्छ ।'

डा श्रेष्ठका अनुसार, विपद्को समयमा धनजनको क्षति हुने डर, विपद्को सामना कसरी गर्ने भन्ने चिन्ता, विपद्मा भइपरी स्वास्थ्य समस्या देखिएमा के गर्ने भन्ने चिन्ताका कारण पनि गर्भवतीमा मानसिक तनाव उच्च हुनसक्छ ।

'विपद्को समयमा सकेसम्म घरबाहिर ननिस्किएर सुरक्षित स्थानमा बस्नुपर्छ । चिकित्सकले फलोअपमा बोलाएको समयमा आए पनि केही दिन ढिलो गरी अस्पताल जाँदा फरक पर्दैन । तर यदि योनीबाट रगत बग्ने, दुखाइ बढ्ने वा स्वास्थ्यमा तत्काल समस्या देखिएमा मात्र स्वास्थ्य केन्द्र पुग्नुपर्छ,' उनले सुझाव दिए ।

- **आधिकारिक सूचनामा भर पर्न आग्रह**

जल तथा मौसम विज्ञान विभागले विपद्को समयमा अनावश्यक रूपमा सामाजिक सञ्जालमा भ्रम छर्ने किसिमका सूचना सम्प्रेषण हुन सक्ने र यसले मानसिक रूपमा त्रास बढाउन सक्ने भन्दै आधिकारिक सूचनामात्रै विश्वास गर्न आग्रह गरेको छ ।

विभागले आफ्ना आधिकारिक सामाजिक सञ्जाल फेसबुक र एक्समार्फत पनि सूचना जारी गर्दै विशेष सजक रहन अनुरोध गरेको हो ।

विभागले बाढी र मौसमसम्बन्धी जानकारीका लागि ११५५ मा फोन गरेर आधिकारिक सूचना लिन सकिने जानकारी दिएको छ ।

- **होचा स्थान र नदी किनारमा बस्नेले उच्च सतर्कता अपनाउन अनुरोध**

विभागले होचा स्थान र नदी किनारमा बस्नेले उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । आइतवार बिहान ८ बजेसम्म भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै विभागले यी स्थानमा बसोबास गर्ने सर्वसाधारणलाई बाढीबाट बच्न सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ ।

'असोज २० गतेसम्म नै बाढीको जोखिम रहेकाले होचा स्थान तथा नदी आसपासमा रहनेहरूले सुरक्षित स्थानमा बस्नुपर्ने र रातको समयमा अझै बढी चनाखो रहन आवश्यक छ,' विभागका बाढीविद् विनोद पराजुलीले भने ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार, आज कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशका अधिकांश स्थानमा पूर्ण बदली रही बाँकी भू–भागमा सामान्य बदली रहनेछ ।

कोशी, मधेश र बागमती प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका पहाडी र तराई भू–भागका केही स्थानहरूमा मेघगर्जन–चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

त्यसैगरी कोशी, मधेश र बागमती प्रदेशका पहाडी तथा तराई भूभागका थोरै स्थानमा र गण्डकी प्रदेशका पहाड तथा लुम्बिनी प्रदेशका तराई भू–भागका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना छ । कोशी, मधेस र बागमती प्रदेशका पहाडी र तराई भू–भागका एक–दुई स्थानमा धेरै भारी वर्षाको समेत सम्भावना रहेको महाशाखाको भनाइ छ ।रासस

# पहिरोले पश्चिम म्याग्दीमा यातायात प्रभावित



**म्याग्दी ।**

बेनी नगरपालिका–४ र मङ्गला गाउँपालिका–२ को सिमानामा रहेको फापरखेतको पहिरोले म्याग्दीका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडकमा यातायात प्रभावित बनाएको छ ।

विसं २०६० अघि मार्ग खुलेको सडक निर्माण भएदेखिकै पहिरोले हरेक बर्खायाममा वर्षा हुनेबित्तिकै पहिरो खस्ने र २४ किलोमिटर दूरीको बेनी–दरवाङ सडकमा सीधा यातायात सेवा बन्द हुने गरेको छ । मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडक बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्छन् ।

स्थानीयवासीलाई आवतजावत, बिरामीलाई अस्पताल पु¥याउन, दूध, तरकारी, फलफूल बजार लैजान, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी गर्न समस्या भएको मङ्गला गाउँपालिका–२ बाबियाचौरका चक्रलाल पाण्डे (राजु)ले बताए । 'साँघुरो सडकमा गुडिरहेका सवारी साधनमाथि पहिरो खसेर चोटपटक लाग्ने, सवारीसाधनमा क्षति पुग्ने गरेको छ', उनले भने, 'जुनसुकै बेला पहिरो खस्ने खतरा भएकाले यात्रा गर्न जोखिम छ ।'

म्याग्दी नदीमा निर्माणाधीन तीन वटा जलविद्युत् आयोजना र डाँडाखेत राहुघाट सवस्टेशन तथा प्रसारण लाइन, सडक, भवन, खानेपानी, सिँचाइलगायत विकास आयोजनामा पनि पहिरोका कारण असर परेको छ । सडकमुनि म्याग्दी नदी छ भने माथितिर ठूलो पहिरो छ ।

तत्कालीन जिविसले सडकमुनि पक्की पर्खाल निर्माण गरेर म्याग्दी नदीको कटान रोकथाम गरे पनि सडकमाथिको पहिरो नियन्त्रणका लागि भएका प्रयास असफल र लगानी खेर गएको छ ।

पूर्वाधार विकास कार्यालय म्याग्दीले सडकमा खसेको पहिरो पन्छाउने र यातायात सञ्चालनको व्यवस्था मिलाएको छ ।

जोखिमयुक्त सडकको विकल्पमा मङ्गला गाउँपालिका–३ पखेर र वडा नम्बर २ सिमलचौर जोड्ने गरी बेलिब्रिज निर्माण गर्ने योजना अघि सारिएको म्याग्दी १(२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताए ।

'फापरखेतको पहिरोको विकल्पमा म्याग्दी नदीमा बेलिब्रिज जडान गर्न प्रदेश सरकारले चालु आर्थिक वर्षमा एक करोड रुपैयाँ बजेट विनियोजन गरेको छ', उनले भने, 'स्घीय सरकारसँग भएको जगेडा बेलिब्रिज ल्याएर जडान गर्न पहल गरिरहेका छौँ ।'

तत्कालीन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री समेत रहेका जुग्जालीको प्रस्तावमा प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले दुई वर्षअघि गरेको सङ्घीय सरकारसँग बेलिब्रिज माग्ने निर्णय राजनीतिक अस्थिरताका कारण दुई वर्षसम्म पनि कार्यान्वयन भएको छैन । रासस

# खोलाले बगाउँदा बालिकाको मृत्यु

**उदयपुर ।**

त्रियुगा नगरपालिका–५ दमौटीमा एक बालकको खोलाले बगाउँदा मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार मृत्यु हुनेमा उजन राईकी छोरी तीन वर्षीय रेबिका राई रहेकी छिन् ।

शनिबार दिउँसो २ बजे बालिका खोला नजिकै खेल्ने क्रममा अम्बिका खोलाले बगाएको थियो । बालिकाको शवलाई प्रकृया पूरा गरी आफन्तको जिम्म लगाइएको छ । घट्नाबारे अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङले जानकारी दिए ।रासस

# पृथ्वीराजमार्गको आँबुखैरेनीमा सडक भासियो



**तनहु ।**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका–४ साँखरमा सडक भासिएको छ । शनिबार बिहानैदेखि परेको वर्षाका कारण उक्त ठाउँको सडक भासिएपछि आँबुखैरेनी–मुग्लिन सडक एकतर्फी सञ्चालन भएको छ ।

इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीले अपरान्ह ४ बजेतिर सडक भासिएको जानकारी दिए । दुवैतर्फ प्रहरी राखेर सुरक्षित रुपमा एकतर्फी रुपमा सवारी साधन आवतजावतको व्यवस्था मिलाइएको उनको भनाइ छ । तर रातिको समयमा यस ठाउँमा जोखिम भएकाले यात्रा नगर्न उनले आग्रह गरे ।

विसं २०७९ जेठ २७ गते सोही ठाउँमा सडक भासिएपछि भित्ता काटेर मस्र्याङ्दी नदीतर्फबाट पर्खाल उठाइएको थियो । सोही ठाउँमा पुनः सडक भासिएको प्रहरीले जनाएको छ । रासस

# वीरगंज महानगरका अधिकांश क्षेत्रमा डुबानको समस्या

**हिमाल लम्साल**
**वीरगंज ।**

अविरल बर्सातले वीरगंज महानगर क्षेत्रमा डुबानको समस्या देखिएको छ । शनिबारदेखि परेको भारी वर्षाको कारणले महानगरको अधिकांश वडामा डुबानको जोखिम उच्च देखिएको हो । वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले लगातार वर्षाको कारणले महानगरमा विभिन्न स्थानमा डुबानको समस्या देखिएको जानकारी दिए । 'लगातार ठूलो वर्षाको कारणले पानीको निकासको समस्या देखिएको छ । तर, डुबानकै कारणले अहिलेसम्म यहाँ धनजनको क्षति हुन भने पाएको छैन ।'

उनले भने, 'महानगरको ३२ वटै वडामा कतिपय ठाउँमा पानीको उचित निकास नहुँदा केही डुबान पनि देखिएको छ ।' प्रमुख सिंहले सिर्सिया नदीमा पानीको बहाव बढेसँगै नदी किनाराका वस्तीमा भने उच्च सतर्कता अपनाइएको जानकारी दिए । 'सिर्सिया नदीआसपासमा रहेका वस्तीलाई सम्भावित जोखिमलाई मध्यनजर गर्दै सार्ने काम भइरहेको छ,' उनले भने, 'महानगरमा अहिलेसम्म कुनै पनि खालको मानवीय क्षति हुन भने पाएको छैन ।' प्रमुख सिंहले वडा नम्बर ११ र १७ का डुबान क्षेत्रमा जनतालाई अन्यतर्फ सार्ने काम भइरहेको जानकारी दिए ।

'वर्षाको पानीले हुनसक्ने डुबानलाई लक्षित गरेर टोल–टोलमा रहेका विद्यालय र धर्मशालालाई खुलाएर प्रभावितलाई राख्नको लागि निर्देशन दिएर अहिले ती ठाउँहरु खुला रुपमा राखिएका छन्,' उनले भने, 'सबैसँग समन्वय गरेर उद्धारमा लागिरहेका छन् ।' प्रमुख सिंहले केही समय अघि तयार पारेको भेडाहा खोलाको बाँधले काम गरेकाले पनि अहिलेसम्म ठूलो प्रकृतिको क्षति हुन नपाएको दाबी गर्नुभयो । 'विगतमा भेडाहा खोलाको कारणले वडा नम्बर ३१ र अन्य वडामा ठूलो क्षति भएको थियो,' उनले भने, 'अहिलेसम्म भेडाहाखोलाको बाँधले थेगिरहेको छ । अब कति समयसम्म थेग्छ भन्ने हो ।'

स्थानीय प्रशासनले थाल्यो सतर्कता

पर्सामा अत्यधिक वषा वर्षा भएपछि स्थानीय प्रशासनले आवश्यक सतर्कता अपनाउन थालेको छ । जिल्ला प्रशासन कार्यालय पर्साले यहाँ अत्यधिक वर्षा हुन थालेपछि आवश्यक सतर्कता र सावधानी अपनाउन थालेको जनाएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तोयनारायण सुवेदीले वीरगंजसहित पर्सा जिल्लामा पानी परेसँगै आवश्यक सतर्कता र सावधानी अपनाउन थालेको जानकारी दिए । 'वर्षापछि हुनसक्ने डुबानको सम्भावित जोखिमलाई मध्यनजर गर्दै तीन वटै सुरक्षा निकायले उद्धारका लागि तयारी अवस्थामा जुटेका छन्,' उनले भने, 'अहिलेसम्म वर्षाको कारणले कुनै पनि मानवीय क्षति भएको छैन ।'

प्रजिअ सुवेदीले वर्षा भइरहेकाले पनि कुनै पनि डुबान र अन्य प्रकृतिको समस्या भएको खण्डमा तुरुन्तै स्थानीय प्रशासन तथा सुरक्षाकर्मीलाई खबर गर्नका लागि अनुरोध गरेका छन् । 'अहिले वीरगंजसहित पर्सामा वर्षा भइरहेको छ । जुनसुकै समयमा



पनि जोखिम हुनसक्ने भएकाले पनि सर्वसाधारणले पनि आवश्यक सावधानी र अत्यावश्यक परेको खण्डमा मात्रै निस्कन अनुरोध गर्दछु ।'

भेडाहा खोलाको कारणले विगतमा वडा नम्बर ३१ र ३० मा क्षति पु¥याउने गथ्र्या◌े । वीरगंज महानगर ३१ नम्बरका वडाध्यक्ष जीतेन्द्रप्रसाद यादवले डुबानको कारणले वडामा त्यति धेरै क्षति हुन नपाएको बताए । 'भेडाहा खोलामा आएको बाढीले बालुवाको बोरा राखेर लगाइएको बाँधलाई केही क्षति पु¥याएको छ,' उनले भने, 'लगातार पानी परेपछि बस्तीलाई अलर्ट गराउनेदेखि सतर्कता अपनाउनको लागि आह्वान गर्दै आइरहेका छौँ,' उनले भने, 'अहिलेसम्म ३१ नम्बर वडामा मानवीय क्षति र जग्गा कटान हुन पाइरहेको छैन ।' वेल्वागाउँको उत्तरतर्फ रहेको छठघाट र वेल्वाको पश्चिम पुलतर्फ बाधिँएको बाँध पनि आधाजसो क्षतिग्रस्त भएको छ ।

वीरगंज महानगर वडा नम्बर १७ का वडाध्यक्ष सञ्जु छत्कुलीले तिलावेपुलको पानी वडा नम्बर १७ तर्फ आउन लागेको बताए । 'हाम्रो वडामा रहेको अलौँको कोनिया टोल डुबानमा पर्नसक्ने उच्च जोखिममा रहेको छ । सो बस्तीमा करिब १०० घरधुरी रहेका छन्,' उनले भने, 'जेसिबी स्काभेटर लगाएर पानी कटाउने काम भइरहेको छ । यद्यपि डुबान भइहालेमा कोनिया बस्तीका सर्वसाधारणलाई धर्मशालामा राख्नको लागि आवश्यक प्रबन्ध मिलाइसकेका छौँ ।' वडाध्यक्ष छत्कुलीले एकीकृत जाँचचौकीको पछाडि भागमा रहेका दुई–चार वटा फुसका घर भने प्रभावित भएका छन् । 'अहिले डुबानको समस्या देखिएको ठाउँमा खटिएर जनतासँग समन्वय गरेर काम गरिरहेको छ,' उनले भने । उनले तिलावे पुलको पानी अलौँतर्फ आएको खण्डमा भने थप जोखिम हुने सम्भावना पनि कायमै रहेको छ । त्यस्तै वीरगंज महानगर वडा नम्बर ११ का वडाध्यक्ष अजयकुमार बरैले लगातार वर्षाको कारणले श्रीपुरको नयाँबस्तीमा धेरै समस्या पारेको बताए । 'अहिले बिहानीपख पानी रोकिएर केही राहत भएको छ,' उनले भने, 'डुबानको कारणले कृषि सामग्री लिमिटेडको पछाडि भागमा बसोबास गर्ने दलित बस्तीका १ सय ५० भन्दा धेरै जनालाई श्रीपुरको धर्मशालामा लगेर राखेका छौँ ।'

त्यस्तै वीरगंज महानगर वडा नम्बर २४ का वडाध्यक्ष विजयप्रसाद कुर्मीले वडा नम्बर २४ मा अहिले बिहानीपख ४ बजेदेखि नयाँबस्तीमा डुबानको समस्या देखिएको बताए । 'सबैठादेखि ठाकुरराम क्याम्पससम्मका भुभाग वडामा पर्ने गर्छ । जुन एरिया सिर्सिया नदीको किनारा भएकाले पनि डुबानको उच्च जोखिममा रहेको छ,' उनले भने, 'सिर्सिया नदीको कारणले नदी आसपासको बस्तीमा करिब बह्मटोल, मनमोहन नगर, ज्योत्ति कोलनी, बज्रङटोललगायतमा डुबानको समस्या देखिएको छ,' उनले भने, 'वडामा डुबानबाट भएका प्रभावितलाई उद्धार गरेर कुर्मी सेवा सदन र रामजानकी धर्मशालामा राखेका छौँ ।'

वीरगंज महानगर २६ का वडाध्यक्ष शम्भु मिश्रले वर्षाको पानीले उचित निकास नहुँदा पानी जम्ने समस्या रहेको बताए । 'वीरगंज महानगर वडा नम्बर ११ मा बसोबास गर्ने ठाउँमा भने पानीको डुबानको समस्या पारिरहेको छ,' उनले भने, 'यो विपद्को घडीमा संयम भएर एकापसमा सहयोग गर्नका लागि अनुरोध गर्दछु ।' रासस

# मधेशको जनजीवन प्रभावित

अजयकुमार साह
धनुषा ।

धनुषासहित मधेशका प्रायः सबै जिल्लामा शुक्रबार रातिदेखि नै मेघ गर्जनसहित अबिरल पानी परिरहँदा जनजीवन प्रभावित बनेको छ । दशैँको समयमा निरन्तर मुसलधारे वर्षा भई बाहिर निस्कनै नसक्ने अवस्था आउँदा जनजीवन प्रभावित बनेको हो । भारी वर्षा जारी रहेकाले अत्यावश्यक काम परेका मानिससमेत घर बाहिर निस्कन सकेका छैनन् । मान्यजन कहाँ दशैँको टीका, जमरा ग्रहण गर्न जानुपरे पनि लगातार झरी परिरहँदा घरमै थुनिएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम निरन्तरको वर्षाले जलमग्न बनेको छ । अविरल वर्षा जारी रहँदा जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश बस्ती, बजार र सरकारी कार्यालय परिसर पानीले डुबानमा परेका छन् । नगर प्रमुख मनोज साहका अनुसार बर्सेनि दोहोरिने समस्या यस वर्ष झन गम्भीर बनेको छ । 'पानीको उचित निकास नहुँदा सहरका मुख्य सडकदेखि आवासीय क्षेत्रसम्म डुबान भएको छ, जनताले घरभित्रै पानी जमेको गुनासो गरेका छन्,' उनले भने ।

उनले पानी निकासको लागि नगर प्रहरीसहित पालिकाबाट हुने हरेक प्रयास जारी रहेको बताए । प्रमुख साहका अनुसार विशेष गरी जनकपुरधामको रामानन्दचोक, जानकी मन्दिर वरपर, राजदेवी मन्दिर रोड, सब्जी बजार, अस्पताल क्षेत्रलगायत स्थानमा पानीको स्तर बढ्दै गएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, हुलाक कार्यालय, राष्ट्रिय समाचार समिति(रासस)को कर्यालय लगायतका सरकारी भवन परिसरमा पानी जमेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशका विभिन्न नदीमा जलस्तर बढ्दै गएको जनाउँदै प्रहरी र सशस्त्र बललाई पूर्ण तयारी अवस्थामा रहन निर्देशन दिएका छन् । मुख्यमन्त्री सिंहले मधेश प्रदेश प्रहरी प्रमुखसँग सम्पर्क गरी जोखिम क्षेत्रका बासिन्दालाई तुरुन्तै सुरक्षित स्थानमा सार्न आदेश दिएका हुन् । 'बाढी र डुबानले जनजीवन जोखिममा परेको छ, प्रशासन, सुरक्षा निकाय र स्थानीय तह सबैले समन्वय गरेर तत्काल उद्धार र राहतका उपाय अपनाउनुपर्छ,' मुख्यमन्त्री सिंहले भने । प्रदेश सरकारका अनुसार बागमती नदीमा अहिले करिब पाँच हजार ५ सय क्युसेक पानीको बहाव भइरहेको छ । यो खतराको तहभन्दा ५ सय क्युसेक बढी हो । बागमती बैराजका सबै ढोका खोलिएका छन् ।

मुख्यमन्त्री सिंहले भने, 'कुलेखानी जलविद्युत् केन्द्रको बाँधका ढोका खोलिँदै गइरहेकाले बागमती नदीमा थप पानी आउन सक्छ, त्यसैले रौतहट र सर्लाहीका तटीय क्षेत्र उच्च सतर्क रहनु अत्यावश्यक छ ।'

मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीका अनुसार हालसम्म प्रदेशका कुनै पनि जिल्लामा ठूलो मानवीय क्षति भएको छैन । 'प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका टोली सतर्क छन्, जोखिम क्षेत्रका बासिन्दालाई सचेत गराइरहेका छौँ,' उनले भने । प्रहरीका अनुसार बाढी नियन्त्रणका लागि तटबन्ध मर्मत र तत्काल उद्धार कार्यका लागि तयारी भइरहेको छ । स्थानीय प्रशासनले किसानलाई मौसमअनुसार सतर्क रहन अपिल गरेको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले पनि नदी आसपासका बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । कमला र रातुखोलाको सतह बढ्दै गएकाले कुनै पनि बेला पानीले तटीय क्षेत्र प्रभावित पार्न सक्ने जनाइएको छ । उपमहानगरपालिकाले पनि नागरिकलाई अनावश्यक आवागमन नगर्न, विद्युतीय उपकरण सुरक्षित स्थानमा राख्न र विद्यालयका गतिविधि अस्थायी रूपमा स्थगित गर्न अनुरोध गरेको छ ।

त्यसैगरी जनकपुरधामबाट छुट्ने सङ्घीय राजधानी काठमाडौँ जाने सवारीसाधन ठप्प भएपछि शनिबार बिहान काठमाडौँ हिँडेका कतिपय मानिस बाटोबाटै फर्किएका छन् । दशैँ मनाएर शनिबार बिहान काठमाडौँ फर्कने गाडी बुक गरे पनि भारी वर्षाका कारण गाडी जानै नसकेको क्षीरेश्वरनाथ नगरपालिका–५, महेन्द्रनगरका बासिन्दा नवीनराज दाहालले बताए । भारी वर्षाका कारण धनुषासहित तराई क्षेत्रबाट काठमाडौँ जाने गाडी ठप्प भएका छन् । लामो दुरीमा चल्ने अन्य गाडी पनि कम मात्रामा चलिरहेका छन् ।

क्षीरेश्वरनाथ नगरपालिका–९ का वडाध्यक्ष मोदकुमार महतोले प्रत्येक खोलामा ठूलो बाढी आएकाले खोलापर्ने क्षेत्रमा पैदल हिँडेरै जाने अवस्थासमेत नरहेको बताए । भारी वर्षाले गर्दा यहाँ बिजुली अनियमित बनेको छ । अधिकांश स्थानमा मोबाइलको नेटवर्कसमेत अवरुद्ध हुँदा टेलिफोन सम्पर्कमै समस्या पैदा भएको स्थानीयले गुनासो गरेका छन् । लगातार पानी परिरहँदा पशुपालक किसानलाई पशुका लागि आहारा जुटाउन समस्या परेको छ । पानी पर्न नरोकिँदा शनिबारदेखि दिनभर जनकपुरधाम, महेन्द्रनगर, ढल्केवर, सबैला, गोदारसहित जिल्लाका हाटबजारका अधिकांश पसल तथा व्यवसाय खुल्न सकेको छैन ।

प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले बाढी तथा डुबानको समस्या आउनासाथ तत्काल उद्धारको काम गर्न तयार अवस्थामा रहेको बताए । आचार्यले करिब ३० घण्टादेखि अबिरल वर्षा भइरहँदा आइतबार बिहान १० बजेसम्म जिल्लामा केही ग्रामीण भेगमा बाढी तथा डुबानको समस्या देखिए पनि अहिलेसम्म कुनै किसिमको मानवीय क्षति नभएको बताए । कमला, जलाद, औरही, दूधमती, हर्दिनाथलगायतका खोलामा शनिबार अपरान्हबाट बाढी बढ्न थालेको छ । खोला किनारका स्थानीयलाई सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ । रासस



लगातार दुई दिनदेखि भई रहेको अबिरल वर्षाको कारण धनुषाको औरही खोलामा आएको बाढीले औरही पुलको एक भागको सडक बगाउँदा आवतजावत ठप्प भएको छ । पुलले क्षीरेश्वरनाथ नगरपालिका–३ मङ्गलपुर र महोत्तरीको भंगहा सीतापुर जोड्दथ्यो । तस्बिरः रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन